मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

सूर्तीजन्य पदार्थको बट्टामा घातक चित्र छाप्नुपर्ने निर्देशिका स्वीकृत
समाचार पृष्ठ ५ मा




वर्ष ३ | अंक ८९ | २०८१ साल माघ २५ गते शुक्रबार | Friday 07, February 2025 | सूर्योदय: बिहान ६:४७ बजे | सूर्यास्त: साँझ ५:५१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## 'न्यायालयको विकृति हटाउनुपर्छ भन्नु अपराध हो ?'

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले न्यायालयको सुधारका लागि आवाज उठाउनु कसरी अदालतको अवहेलना हुन्छ भन्दै प्रश्न तेस्र्याएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा सांसद साहले आफू कानूनमन्त्री भइसकेको र न्याय परिषद्मा बसेर काम गरिसकेको व्यक्ति भएकाले अदालतको अवहेलनाबारे राम्रोसँग जानकार रहेको बताए ।
उनले भने, 'अदालत सक्षम हुनुपर्छ । न्याय निष्पक्ष हुनुपर्छ । न्यायालयमा सुधार हुनुपर्छ भन्नु गलत हो ? म सरकारलाई सोधन चाहन्छु, न्यायलयबाट विकृति र विसंगति हटाउनुपर्छ भन्नु अपराध हो ? म माननीय कानूनमन्त्रीलाई सोध्न चाहन्छु, न्यायाधीशको नियुक्ति, बढुवा र सरुवामा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्छ भन्नु अपराध हो ? दलीय प्रभावमा न्यायालय राख्नुहुँदैन भन्नु अपराध हो ? यदि होइन भने ममाथि अदालतको अवहेलना मुद्दा दर्ता कसरी भयो ? म सरकारको जवाफ चाहन्छु । दुनियाँले हेरेको छ, न्यायाधीशहरुले नियुक्ति लिएकै दिन दलको कार्यालय पुगेको हामीले बिर्सिएका छैनौँ । नेताहरुको कोठा कोठामा पुगेर सरुवा, बढुवा र उन्नति खोज्ने दृश्यहरु पनि हामीले देखेकै छौँ । यो कुरा उठाउनु अपराध हो ? यसलाई सुधार गर्नुपर्छ र रोक्नुपर्छ भन्ने अपराध हो ?'
रौतहटको जिल्ला अदालतमा धर्ना र विरोध चलिरहेको प्रसंग उठाउँदै साहले किन रौतहटको अदालतप्रति जनआक्रोश बढेको र नियमित धर्ना भइरहेको छ भनेर प्रश्न गरे । उनले भने, 'रौतहट जिल्ला अदालतमा प्रत्येक महिना तमासा हुन्छ । देशमा अरु जिल्लामा अदालतप्रति जनताको सम्मान हुन्छ । जनताले अदालतप्रति आदरको भावनाले हेर्छन् । तर, रौतहटमा अदालतविरुद्ध धर्ना जारी छ । यो तमासा गर्ने गराउनेहरु अदालतको सम्मान गरिरहेका छन् कि अपमान गरिरहेका छन् भन्ने प्रश्न गर्न चाहन्छु । रौतहट हरेक आन्दोलनमा अग्रणी भूमिका खेलेको र गौरवपूर्ण इतिहास बोकेको जिल्ला हो, तर आज बदनाम भइरहेको छ । यसलाई रोक्नुपर्छ भन्नु अपराध हो ? यो विषयमा प्रधानन्यायाधीशलाई ध्यानाकर्षण गराउनु गल्ती हो ? होइन भने कसरी अवहेलना भयो ? न्यायालय विकृतिले भरिएको छ । यसलाई सुधार गर्नुपर्छ भन्नु कसरी अपराध हुन्छ ? प्रभु साह कानूनमन्त्री भएर न्यायपरिषद्को सदस्य भएर काम गरेको व्यक्ति हो । मलाई अदालतको अवहेलनाबारे राम्रोसँग थाहा छ ।' साहले आफूले शुरुदेखि नै अदालतको सुधारका लागि आवाज उठाएको भन्दै संविधानसभामा खेलेको भूमिकाको पनि स्मरण गर्न सुझाए ।

## तीनदिने साहित्य महोत्सव शुरु



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
बिहीबारदेखि जनकपुरधाममा छैँठौ संस्करणको जनकपुर साहित्य महोत्सव आरम्भ भएको छ । नव मिथिला फाउन्डेसनले गरेको जनकपुर साहित्य महोत्सव मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले उद्घाटन गरेका छन् ।
जनकपुरधामको राम मन्दिरमा रहेको रामबागमा भएको महोत्सव तीन दिनसम्म चल्नेछ । मैथिली गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान दिएका स्वर्गीय गुरुदेव कामतलाई मरणोपरान्त उनकी श्रीमती समुरवति कामतीलाई संस्थाका संस्थापक अध्यक्ष स्वर्गीय अमित झा स्मृति साहित्य सङ्गीत पुरस्कार मुख्यमन्त्री सिंहले प्रदान गरे । १ लाख ५ हजार नगदसहितको पुरस्कारमा सम्मानपत्र तथा दोसल्ला छ ।
कार्यक्रममा गीत सङ्गीत क्षेत्रमा विशिष्ट योगदान दिएका क्यान्सर रोगको उपचाररत अशोक दत्तलाई ५१ हजार रुपैयाँ प्रतिनिधि सभाका सदस्य मनिष झाका तर्फबाट मुख्यमन्त्री सिंहले प्रदान गरे ।
मुख्यमन्त्री सिंहले साहित्य महोत्सवले मिथिलाको साहित्य, सङ्गीत तथा संस्कृतिको जगेर्नामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । फाउन्डेसनका अध्यक्ष अमित कुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश सभाका सदस्य दीपेन्द्र ठाकुर, रामसरोज यादव, रामअशिष यादव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, मिथिला नाट्य कला परिषद्का पूर्वअध्यक्ष सुनिल मल्लिक, मैथिली साहित्य परिषद्का अध्यक्ष जीवनाथ चौधरी लगायतकाले मन्तव्य राखेका थिए ।
महोत्सवमा विभिन्न विषयमा संवाद, बहस, अन्तरक्रियाका सेसन छन् । तीन दिनमा विभिन्न १७ वटा शीर्षकमा छलफल हुनेछ ।

## प्रतिवेदन अध्ययन गरिरहेका छौँः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले अध्यादेश सुझाव कार्यदलले दिएको प्रतिवेदन अध्ययन भइरहेको बताएका छन् । जसपा नेपालको समर्थन र सहमतिमा राष्ट्रिय सभाबाट अध्यादेश पारित गराउन केन्द्र र प्रदेशमा सरकारमा हिस्सेदारी खोजेको भनेर समाचार आएपछि यादवको सचिवालयले प्रतिवेदन अध्ययन गरिरहेको जनाएको हो । राष्ट्रपति रामचन्द्र पौडेलबाट जारी भएका अध्यादेशका लागि अध्ययन गर्न जसपा नेपालले कार्यदल बनाएको थियो । कार्यदलले बिहीबार यादवलाई राय सुझावसहित प्रतिवेदन बुझाएको छ । प्रतिवेदन जसपा नेपालका अन्य सांसदहरुले पनि अध्ययन गरिरहेका छन् ।
'प्रतिनिधिसभा र राष्ट्रिय सभामा अध्यादेशलाई पेश नगरी कार्यसूचीबाटै हटाएको अवस्थामा जसपा नेपालले अध्यादेशबारे कुनै औपचारिक निर्णय लिएको छैन र प्रतिवेदनमा थप अध्ययन र छलफल गरी संसदीय दलको अर्को बैठकमा देश र राष्ट्र हित हुने गरी ठोस निर्णय लिने जानकारी गराउन चाहन्छौँ,' अध्यक्ष यादवको सचिवालयले भनेको छ ।

## सञ्चार ऐन संशोधनसम्बन्धी प्रतिवेदन बुझाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीलाई मधेश प्रदेशको संशोधनसहितको सञ्चार ऐनसम्बन्धी प्रतिवेदन बिहीबार बुझाइएको छ ।
आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव नेतृत्वको टोलीले प्रतिवेदन बुझाएको हो । प्रतिवेदनमा प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ र प्रदेश एफएम रेडियो सञ्चालन ऐन २०७७ मा आवश्यक संशोधनसहितका विषय समावेश गरी मन्त्री लेखीलाई बुझाइएको प्राधिकरणका अध्यक्ष यादवले जानकारी दिए ।
उनका अनुसार दुवै विधेयकमा त्रुटि हुँदा कार्यान्वयनमा समस्या भएपछि मन्त्रिपरिषद्को असोज २१ गतेको निर्णयले संशोधन समिति गठन गरेको थियो ।
दुवै ऐन एक–अर्कासँग बाझिने अवस्था देखिँदा संशोधनसहित एकीकृत गर्ने तयारी भइरहेको यादवको भनाइ छ ।
प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ भदौ ६ गते प्रमाणीकरण भएको थियो भने प्रदेश एफएम रेडियोसम्बन्धी ऐन २०७७ साउन ५ गते प्रमाणीकरण भएको थियो ।

## अब रविमाथि पर्सामा मुद्दा दायरको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ठगी प्रकरणमा रवि लामिछानेसहित ३५ जनाविरुद्ध अभियोगपत्र दर्ता गर्ने तयारी गरेको छ । सहकारीका झन्डै ४ हजार ८ सय सदस्यले बचत फिर्ता नपाएको भन्दै उजुरी दिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको हो ।चितवनमा लामिछानेविरुद्ध उजुरी दर्ता भएर अदालतबाट आदेश पनि भइसकेको छ । जिल्ला अदालत चितवनले पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ । न्यायाधीश दयाराम ढकालको इजलासले लामिछानेलाई ५४ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो ।
सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको बचत रकम हिनामिनाबारे मुद्दा दर्ता भएपछि लामिछाने बुधबार अदालतमा उपस्थित भएका थिए । बुधबार थुनछेकको बहस नसकिएपछि रवि प्रहरी हिरासतमा बसेका थिए । सहारा चितवन सहकारीको बचत रकम हिनामिना गरेको आरोपमा लामिछानेसहित १५ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर भएको छ । सहारा सहकारी ठगीमा अभियुक्तको संख्या ३२ पुगेको छ । लामिछाने यसअघि कास्कीबाट ६५ लाख, काठमाडौँबाट ६० लाख र सुप्रिम सहकारी ठगीमा रुपन्देही अदालतबाट १ करोड रुपैयाँ धरौटीमा छुटेका छन् ।
चितवनको प्रक्रियापछि पर्सा प्रहरीले जिल्ला न्यायाधिवक्ताको कार्यालयमा अभियोगपत्र दर्ता गर्ने तयारी गरेको हो । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले समेत पर्सा जिल्ला प्रहरी कार्यालयमा आएर उजुरीको अध्ययन गरिरहेको छ । यसअघि वीरगंज महानगरपालिका र मनीषकुमार सिस्काले पर्सा जिल्ला अदालतमा सानो पाइला सहकारीविरुद्ध दुईवटा मुद्दा दर्ता गरेका थिए । तर, ती अभियोगपत्रमा लामिछानेको नाम उल्लेख गरिएको थिएन । प्रहरीका अनुसार पूर्व डिआइजी छविलाल जोशीको घरमा छापामारी गर्दा लामिछानेसँग सम्बन्धित ठगीका प्रमाण भेटिएको दाबी गरिएको छ ।
पर्सा प्रहरीका प्रवक्ता डिएसपी किशोर लम्सालका अनुसार, चितवनको मुद्दा छिनोफानो भएपछि पर्सामा लामिछानेविरुद्धको मुद्दा अगाडि बढाइनेछ । अभियोगपत्र दर्ता प्रक्रिया अन्तिम चरणमा पुगेको प्रहरीले जनाएको छ ।

## शिक्षिका अष्ट्रेलियामा चार महिनाको तलब भुक्तानी

**मधेशदृष्टि**
**सिरहा ।**
'असाधारण' बिदा मागेर छोरी भेट्न अस्ट्रेलिया गएकी शिक्षिकालाई हाजिरी मिलाएर दशैँ खर्च र चार महिनाको तलब दिइएको घटना बाहिर आएको छ । उनको हाजिरी गरेर दशैँखर्चसहित चार महिनाको तलब निकासा प्रकरणमा जोडिएएपछि सिरहाको गोलबजार नगरपालिकाका नगर शिक्षा शाखाका प्रमुखसहित तीनजनाको जिम्मेवारी पनि खोसिएको छ ।
गोलबजार–४ गोलबजारस्थित जनता नमूना (प्राविधिक) माविमा प्रावि द्वितीय तहमा कार्यरत शिक्षिका बिमलाकुमारी झाको 'असाधारण' बिदाको प्रकरण बाहिर आएको हो । उनी निवेदन दिएर तीन महिनादेखि अस्ट्रेलियामा रहे पनि विद्यालयको हाजिरी रजिस्ट्ररमा उनको हाजिरी भएको देखिएको छ । उनले दशैँखर्चसहित चार महिनाको तलब पनि लगेको देखिएको छ । यो प्रकरण बाहिर आएपछि हाजिरीमा भने टिपेक्स लगाएर लुकाउन खोजेको पाइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बुधबार नगर शिक्षा समितिको बैठकमा अस्ट्रेलियामा रहेकी शिक्षिका झाको आर्थिक वर्ष २०८१–८२ को पहिलो चार महिनाको तलब र दशैँखर्च निकासा संलग्न शाखा प्रमुख सुबोधकुमार लामाको संलग्नताबारे छानबिनका लागि जिम्मेवारीबाट हटाइएको जानकारी दिए । 'छानबिनको अन्तिम किनारा नलाग्दासम्म उहाँको नाममा रहेको नगदी तथा जिन्सी सामान बरबुझारथ गर्न लगाई शाखाको कामकाजबाट जिम्मेवारीविहीन गराउने निर्णय भएको छ,' उनले भने ।
विद्यालयका प्रधानाध्यापक भरतप्रसाद साह र लेखा प्रमुख रामेश्वर साहलाई पनि बुधबारदेखि नै लागू हुने गरी छानबिनको अन्तिम किनारा नलाग्दासम्म नगरपालिकामा उपस्थित गराई ठाडो हाजिरीमा राख्ने र तलब–भत्ता रोक्ने निर्णय भएको छ । छानबिन अवधिभर विद्यालयको दैनिक प्रशासनिक, आर्थिक र विद्यालय व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्म सहायक प्रअ वीरेन्द्रप्रसाद यादवलाई प्रअको कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने र लेखाको कामकाज गर्न कार्यरत शिक्षकमध्येबाट कामकाज गर्न व्यवस्था मिलाउने निर्णय भएको उनले बताए।
शिक्षिका झा पछिल्लो आठ महिनादेखि विद्यालयमा अनुपस्थित छिन् । 'असाधारण' बिदा मागेरेर शिक्षिका झा छोरी भेट्न अस्ट्रेलिया गएकी हुन् । तर उनको नाममा साउनदेखि कात्तिकसम्म र दशैँखर्चसहित दुई लाख ९६ हजार ३ सय ४५ रुपैयाँ ९५ पैसा निकासा भएको पाइएको छ ।

## प्रदेश सभा जिम्मेवार बनाउन सञ्चारकर्मी महत्वपूर्णः सभामुख

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले प्रदेश सभालाई जिम्मेवार बनाउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताएका छन् । उनले सञ्चारकर्मीहरु प्रदेश सभामा उपस्थिति भएका दिन झनै प्रदेश सभाका सदस्य गम्भीर र जिम्मेवार बन्ने गरेको बताए । मण्डलले प्रदेश सभा पादर्शीतामाथि विश्वास गरिरहेको बताउँदै प्रदेश सभाको कामकारबाहीलाई जनताबीच लैजान महत्वपूर्ण भूमिका खेल्ने बताए ।
मण्डलले भने, 'सञ्चारकर्मी साथीहरु प्रदेश सभामा आएर यसको गतिविधि जनताबीचमा लगे जनतासमेत प्रदेश सभा र आआफनो जनप्रतिनिधिको कामकारबाही बुझ्न मदत पुग्नेछ ।' सभामुख मण्डलले कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाको कामकाजलाई पारदर्शी र जिम्मेवार बनाउन पत्रकारिता क्षेत्रको अहम् भूमिका हुने भएकाले मधेश प्रदेशमा गठन भएको समाजले संसदीय मर्यादा बढाउन अहम् भूमिका खेल्ने बताए ।
संसदीय मामिला पत्रकार समाज गठन भएको विषयमा जानकारी दिन गरिएको कार्यक्रममा प्रदेश सभाका सचिव बासु कोइरालाले प्रदेश सभा सधैँ सञ्चारकर्मीसाग समन्वय गरेर भूमिका खेल्न तयार रहेको बताए । उनले संसदीय अभ्यासलाई पारदर्शी तथा मर्यादित बनाउन संसदीय पत्रकार समाजले राम्रो भूमिका खेल्ने विश्वास व्यक्त गरे । बुधबार मधेशदृष्टिकर्मी वीरेन्द्र रमणको अध्यक्षतामा ११ सदस्य कार्य समिति गठन भएको छ । समितिमा हदिस खुद्दार उपाध्यक्ष छन् । सचिवमा विकास कुमार साह चयन भएका छन् भने सहसचिवमा कमलेश कुमार ठाकुर छन् । कोषाध्यक्षमा लक्ष्मी चौधरी चयन भएकी छन् । सदस्यहरूमा नवीन सिंह, सञ्जय साह, चाँदनी झा, माला राय, राजा झा र सञ्जय यादव छन् । कार्य समितिलाई सभामुख मण्डलले बधाई दिँदै कार्यसफलताको कामना गरे ।

# प्रेम विवाह गरेका नेहा र सत्येन्द्रको सुरक्षा सरकारले गर्छः गृहमन्त्री

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले प्रेम विवाह गरेका सर्लाहीको बरहथवाका नेहा रौनियार र सत्येन्द्र रामको सुरक्षा सरकारले गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको आकस्मिक र शून्य समयमा सांसदले उठाएका प्रश्नको जवाफ दिँदै उनले नेहा र सत्येन्द्रबीचको प्रेम सम्बन्धका विषयमा आफ्नो ध्यानाकर्षण भएको भन्दै भेद्भावविरुद्धको हक कार्यान्वयन गराउन सरकार क्रियाशील रहेको बताए । आफू आबद्ध दल नेपाली कांग्रेस जन्मजातदेखि नै छुवाछुतविरुद्ध रहेको उल्लेख गर्दै उनले अन्तरजातीय विवाहविरुद्ध आफू नरहेको प्रष्ट पारे ।

'अन्तरजातीय विवाहलाई कानुनले मान्यता दिएको छ, मन्त्रालयले यसलाई अक्षरशः कार्यान्वयन गराउँछ, गृहमन्त्रीबाट अत्याचार भयो भन्नु कपोलकल्पित हो । मन्त्रालयबाट यो विषयलाई प्रष्ट पारिएको छ, पीडितलाई सुरक्षा दिन सरकार लागिरहेको छ । नेहा र सत्येन्द्रको सुरक्षा हुन्छ, त्यसमा सरकार गम्भीर छ', गृहमन्त्री लेखकले भने । तथ्यलाई तोडमोड गरेर समाजलाई विभाजनतर्फ नधकेल्न र त्यस्ता समाचार सामग्री तयार नगर्न पनि उनले सञ्चारमाध्यमसँग अनुरोध गरे । रासस


Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था" कर्जा चूक्ता गर्न आउने बारेको पूण:१५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा तथा विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा पूण:यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो समय भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज ,हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन पूण:यो १५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

**१)ऋणीको नाम र ठेगाना**

प्राइभेट फर्म रजिष्टेशन एन, २०१४ बमोजिम मिती २०७७ साल माघ महिना ०४ गते रोज १ मा नेपाल सरकार ,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा दर्ता भै घ.तथा सा.उ.प्रा.फ.द.नं. १०२३७/०७७/७८ अन्तर्गत दर्ता कायम भएको तथा महागढीमाइ नगरपालिका वार्ड नं. १०, गंजभवानीपुर, बारामा कार्यलय रहेको श्री खान फैन्सी स्टोर ।

**कर्जाको सुरक्षण विवरण**

नीज प्रोपाईटर गफार मिया अंसारीको बुहारी, अतिकु रहमान अंसारीको पत्नी जिल्ला बारा कलैया उप.म.न.पा. वडा. ८ घर भई हाल जिल्ला बारा गा.वि.स. पुरैनिया वार्ड नं. ०१ घर भई हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुरमा बस्ने (ना.प्र.न. ३३३०८२/२९०६ मिती २०६३/१२/०२ जि.प्र.का. बारा) वर्ष ३५ को सवनम खातुनको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा नकटूवा वार्ड नं ३ हाल जिल्ला पर्सा बिरगँज वार्ड नं १५ स्थित किता नं **१६९६** को जम्मा क्षेत्रफल **०-०-१०** को जग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) इस्माइल मिया अंसारीको ,नाती अबु अहमद अंसारीको छोरा ,जिल्ला पर्सा विरगंज वार्ड नं. १४ घर भइ हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना.प्र.नं. १६०३०९८३० मिति २०३४/०४/२१ जि.प्र.का., बारा) बर्ष ६७ को गफार मिया अंसारी ।
**ख**) अबु अहमद अंसारीको नाती, गफार मिया अंसारीको छोरा, जिल्ला बारा गा.वि.स. गंजभवानीपुर वार्ड नं. ०७ घर भइ हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना.प्र.नं. १९८५/२४७७ मिति २०६२/०८/०८ जि.प्र.का., बारा) बर्ष ४३ को असलम अंसारी ।
**ग**) गफार मिया अंसारीको बुहारी, असलम अंसारीको पत्नी, जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना.प्र.नं. ३३-०१-७७-०६३५८ मिति २०७७/०९/२३ जि.प्र.का., बारा) बर्ष २८ की शबिया रहमान ।
**घ**) गफार मिया अंसारीको बुहारी, जुलफेकार अलि अंसारीको पत्नी, जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना.प्र.नं. ३३-०१-७८-१३७९३ मिति २०७८/१०/२० जि.प्र.का., बारा) बर्ष २८ की सेहरा खातुन ।
**ङ**) अबु अहमद अंसारीको नाती, गफार मिया अंसारीको छोरा ,जिल्ला बारा गा.वि.स. गंजभवानीपुर वार्ड नं. ०७ घर भइ हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना.प्र.नं. १६२०/२२२०/२६२३६ मिति २०५८/१२/२८ जि.प्र.का., बारा) बर्ष ४५ को जुलफेकार अलि अंसारी ।
**च**) गफार मिया अंसारीको बुहारी, अतिकु रहमान अंसारीको पत्नी, जिल्ला बारा कलैया उप.म.न.पा. वडा. ८ घर भई हाल जिल्ला बारा गाविस पुरैनिया वार्ड नं. ०१ घर भई हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुरमा बस्ने (ना. प्र. न. ३३३०८२/२९०६ मिती २०६३/१२/०२ जि.प्र.का. बारा) वर्ष ३५ को सवनम खातुन ।
**छ**) अबु महमद अंसारीको नाती गफार मिया अंसारीको छोरा जिल्ला बारा, गा.वि.स. गंजभवानीपुर वार्ड नं. ०७ घर भई हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना. प्र. न. ९९५/५७३ मिती २०५५/११/०३ जि.प्र.का. बारा) वर्ष ४७ को अतिकु रहमान अंसारी ।
**ज**) अबु महमद अंसारीको नाती गफार मिया अंसारीको छोरा जिल्ला बारा, गाविस गंजभवानीपुर वार्ड. ०७ घर भई हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना. प्र. न. ३३१०३३/१६५७६ मिती २०६८/०३/३१ जि.प्र.का. बारा) वर्ष ३१ को एहतेसामुल अंसारी ।
**झ**) अबु महमद अंसारीको नाती गफार मिया अंसारीको छोरा जिल्ला बारा, गाविस गंजभवानीपुर वार्ड. ०७ घर भई हाल जिल्ला बारा महागढीमाइ न.पा वार्ड नं. १० गंजभवानीपुर बस्ने (ना. प्र. न. ३३१०३३/२६९९४ मिती २०६९/०२/२५ जि.प्र.का. बारा) वर्ष ३२ को अबरार अंसारी ।

**२)ऋणीको नाम र ठेगाना**

स्व. ब्रहमदेव राउत अहिरको नाती, स्व. अमर राउत अहिरको छोरा उदयपुरघुर्मी गा.वि.स वार्ड.नं.३, पर्सा (हाल विरगंज मा.न.पा. वार्ड.नं.२७) पर्सा, बस्ने (ना.प्र.न. **७६३/९८६११२५०** जारी मिति **२०४६/०१/२३**. जि.प्र.का. पर्सा) बर्ष ५२ को दिपेन्द्र कुमार यादव ।

**कर्जाको सुरक्षण विवरण**

स्व. ब्रहमदेव राउत अहिरको नाती, स्व.अमर राउत अहिरको छोरा उदयपुरघुर्मी गा.वि.स.वाड नं.३ पर्सा हाल जिल्ला पर्सा, विरगंज मा.ना.पा. वडा नं.२७ बस्ने (ना.प्र.न. **७६३/९८६११२५०** जारी मिती **२०४६/०१/२३** जि.प्र.का. पर्सा) बर्ष ५२ को दिपेन्द्र कुमार यादवको नाममा रहेको जिल्ला पर्सा उदयपुरघुर्मी गा.वि.स.वाड नं.३ र २ स्थित रहेको किता नं ११६९ र १२९९ को जम्मा क्षेत्रफल क्रमशः ०-३-१५ र ०-३-१३-५ वर्ग मिटर को घर जग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) स्व. अमर राउत अहिरको बुहारी, दिपेन्द्र कुमार यादवको पत्नी उदयपुरघुर्मी गा.वि.स वार्ड.नं.३, पर्सा (हाल विरगंज मा.न.पा. वार्ड.नं.२७) पर्सा, बस्ने (ना.प्र.न. **३४-०१-७०-१२५२१** जारी मिति **२०७०/११/१३**. जि.प्र.का. पर्सा) बर्ष ५१ को सरिता यादव ।
ख)स्व. ब्रहमदेव राउत अहिरको बुहारी, स्व. अमर राउत अहिरको पत्नी उदयपुरघुर्मी गा.वि.स वार्ड.नं.३, पर्सा (हाल विरगंज मा.न.पा. वार्ड.नं.२७) पर्सा, बस्ने (ना.प्र. **९८६११३०७** जारी मिति **२०४१/०९/२०** जि.प्र.का. पर्सा) बर्ष ७४ कि सहद्री देवी अहिरनी।
ग)स्व. अमर राउत अहिरको नाती, दिपेन्द्र कुमार यादवको छोरा हाल विरगंज मा.न.पा. वार्ड.नं. २७, पर्सा, बस्ने (ना.प्र.न **३४-०१-७८-०२५४७** जारी मिति **२०७८/०४/३२** जि.प्र.का. पर्सा) बर्ष २० को आर्यन यादव ।

**३) ऋणीको नाम र ठेगाना**

**क**) प्राईभट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती **२०७५/०३/२८** मा नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यलय, बिरगंजमा दर्ता भै नं. घ.तथा सा.य.का.प्रा.फ.पर्सा नं. **९५५९/०७४/०७५**, अन्तर्गत दर्ता कायम भएको तथा जिल्ला पर्सा, वि.म.न.पा.वडा नं. २८, बगहीमा रहेको **श्री सन्दीप राईस मिल** ।
**ख**) स्व. सुनर साह तेलीको नाती, स्व.भरत साह तेलीको छोरा जिल्ला पर्सा, बगही वाड नं. ०८ घर भई हाल जिल्ला पर्सा, बी.म.न.पा. वडा नं. २८, बगही बस्ने (ना.प्र.न. **०४४६२१०३,** जारी मिति **२०५१/१०/२३** जि.प्र.का. पर्सा) बर्ष ५२ को **रामरीस साह** ।

**कर्जाको सुरक्षण विवरण**

स्व. सुनर साह तेलीको नाती, स्व.भरत साह तेलीको छोरा जिल्ला पर्सा, बगही वाड नं. ०८ घर भई हाल जिल्ला पर्सा, बी.म.न.पा. वडा नं. २८, बगही बस्ने (ना.प्र.न. **०४४६२१०३,** जारी मिति **२०५१/१०/२३** जि.प्र.का. पर्सा) बर्ष ५२ को **रामरीस साहको** नाममा दर्ता कायम रहेकोजिल्ला पर्सा बगही वडा नं. ०८, हाल बिरगंज म.न.पा. पडा नं. २८, बगही स्थित रहेको कित्ता नं. ९५, १२१, ११५, ७७२ र ७७७ को जम्मा क्षेत्रफल क्रमशः ०-०-३ ,०-०-२-७,०-०-८-८, ०-१-९ र ०-४-१२ को घर जग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु तथा प्रोप्रइटर :**

**क**) भरत साह तेलीको नाती , श्री रामरिस साह को छोरा जिल्ला पर्सा, बेल्वा वाड नं. ०२ घर भई हाल जिल्ला पर्सा, बी.म.न.पा. वडा नं. २८, बगही बस्ने (ना.प्र.न. **३४-०१-७४-००६९९** मिति **२०७४०११९** जि.प्र.का. पर्सा) बर्ष २६ को **अजय कुमार साह** ।
**ख**) भरत साह तेलीको बुहारी , श्री रामरिस साह को पत्नी जिल्ला पर्सा, बगही वाड नं. ०८ घर भई हाल जिल्ला पर्सा, बी.म.न.पा. वडा नं. २८, बगही बस्ने (ना.प्र.न. ०४४६३०२६ मिति **२०६१/०१/१८** जि.प्र.का. पर्सा) बर्ष ४३ को **रिता देवी साह** ।
**ग**) भरत साह तेलीको नाती , श्री रामरिस साह को छोरा जिल्ला पर्सा, बगही वाड नं. ०८ घर भई हाल जिल्ला पर्सा, बी.म.न.पा. वडा नं. २८, बगही बस्ने (ना.प्र.न. **३४-०१-७७-०८९३१** मिति **२०७७१२२२** जि.प्र.का. पर्सा) बर्ष २१ को **सन्दीप साह तेली** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।


# जनकपुरबाट अल्ट्रालाइट वायुयान उडान परीक्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**




एभियाक्लब पोखराले सगरमाथा हिमाल, त्यस वरपरका चुचुरा र कोसी टप्पु क्षेत्रको दृश्यावलोकन गर्नेगरी जनकपुरबाट अल्ट्रालाइट वायुयानको उडान परीक्षण गरिएको छ । परीक्षणका लागि बिहीबार जनकपुर विमानस्थलबाट एभियाक्लबको अल्ट्रालाइट वायुयानले राजविराजका लागि उडान भरेको हो । भारतीय पर्यटकको हिमाल तथा कोसी नदी क्षेत्रको दृश्यावलोकनप्रति बढ्दै गएको रुचिलाई दृष्टिगत गरी मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अल्ट्रालाइट वायुयान सञ्चालन गराउन नागरिक उड्डयन प्राधिकरणलाई आग्रह गरेका थिए । प्राधिकरणका सहनिर्देशक देवचन्द्रलाल कर्णले एभियाक्लबको अल्ट्रालाइट वायुयानले सगरमाथाको चुचुरो देखिने गरी जनकपुरबाट राजविराजका लागि आज उडान भरेको जानकारी दिए । उनले सो उडान सफल र व्यावसायिक रूपमा नाफामूलक देखिएमा भविष्यमा राजविराज विमानस्थललाई केन्द्र बनाई सगरमाथा दर्शनका लागि परिचालन गरिने उल्लेख गरे ।

हेलिकोप्टरबाट सगरमाथाको दृश्यावलोकन महँगो भएको र जहाजबाट दृश्यावलोकनको पूर्ण आनन्द प्राप्त गर्न नसकिने हुँदा तुलनात्मक रूपमा अल्ट्रालाइट वायुयान पर्यटकका लागि सस्तो र आकर्षक हुने कर्णले विश्वास व्यक्त गरे । एक यात्रु लिएर उड्ने अल्ट्रालाइट वायुयानबाट सगरमाथा दर्शन गर्न प्रतिव्यक्ति १५ हजार रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ ।

# ३२ लाख ४३ हजार मूल्य बराबरका सामान पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**



पर्सा प्रहरीले भन्सार छलीका सामानहरु पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्लाका फरकफरक स्थानहरुबाट सामानहरु पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय तथा मातहत समेतबाट खटिएको टोलीले ३२ लाख ४३ हजार ५५५ रुपैँया बराबरका सामानहरु बरामद गरेको डिएसपी किशोर लम्सालले बताए । उनका अनुसार बरामद सामानहरुमा खुद्रा तथा लत्ताकपडा लगायतका सामग्री छन् । बरामद सामानमाथि आवश्यक प्रक्रिया अघि बढाईएको प्रहरीले जनायो ।

यसैबीच पर्सा प्रहरीले ११ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले एकैदिनमा उक्त संख्याका फरार प्रतिवादीलाई पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा लुकिछिपी बस्दै गरेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको पर्साका डिएसपी किशोर लम्सालले बताए । उनका अनुसार जिल्ला अदालत पर्साबाट विभिन्न मुद्दामा जरिवाना तोकिएका अभियुक्तहरुलाई पक्राउ गरिएको हो । पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि पर्सा जिल्ला अदालतमा उपस्थित गराईएको प्रहरीले जानकारी दिएको छ ।

# मदिरा पसलहरु नियन्त्रण गर्न ध्यानाकर्षण

**मधेशदृष्टि**
**सप्तरी ।**



जिल्लाको राजविराज नगरपालिकामा अनियन्त्रित र खुल्लेआम सञ्चालनमा रहेको मदिरा पसल तथा भट्टीहरुलाई नियन्त्रण गर्न तराई–मधेश महिला फाउण्डेशनले नगरपालिकालाई ध्यानाकर्षण गराएको छ । सोमबार फाउण्डेशनकी अध्यक्ष सुनिता साह क्रान्तिको नेतृत्वमा राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविनलाई ध्यानाकर्षण पत्र बुझाएको हो । 'राजविराज नगरपालिका क्षेत्र भित्रका अव्यवस्थित रुपमा मदिरा पसलहरु संचालन गर्न इजाजत दिइएको अवस्था विद्यमान रहेको छ । यसरी अव्यवस्थित मदिरा पसल संचालन तथा त्यसको समय सिमा केही नराखी जथाभावी तरीकाबाट मदिरा सेवन गर्ने व्यक्तिहरुले आफ्नो घर परिवार बाटो हिडने महिला, बालबालिकाहर प्रति भई रहेको असुरक्षा तया आतंकबाट बेचैन रहेको अवस्था प्रति हाम्रो गम्भीर ध्यानआकर्षण भएको छ ।' ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ । यसप्रकार खुलेआम जथाभावी मदिरा पसल संचालनको इजाजत, मदिरा सेवन गर्ने समय, बाटोघाटोमा मदिरा सेवन गरी गरिरहेको अभद्र व्यवहार र तनाव व्यवस्थापन गर्न गराउन नगरपालिकालाई ध्यानआकर्षण गराएको फाउण्डेशनकी अध्यक्ष क्रान्तिले बताएकी छन् । यस्ता कियाकलापलाई समयमा नियन्त्रण गर्न गराउन अपिल गर्दै उपरोक्त समस्या समाधानका लागि समयमै आवश्यक पहल नगरिए बाध्य भई विरोधका कार्यकमहरु अघि सार्ने चेतावनीसमेत दिइएको छ ।

# जसपाका जिल्ला नेताहरुमा राजीनामाको लहर

**मधेशदृष्टि**
**सर्लाही ।**



जनता समाजवादी पार्टी (जसपा) नेपाल क्षेत्र नम्बर १ मा नेतृत्व अभाव देखिएको छ । क्षेत्रीय अध्यक्ष राम नरेश साहको नेतृत्वमा ५६ सदस्यीय कमिटीले सामूहिक राजीनामा दिएपछि पार्टी नेतृत्वविहीन हुँदा जनतामा संगठन कमजोर बन्ने देखिएको छ । साहसहित वरिष्ठ उपाध्यक्ष रामबाबु यादव, उपाध्यक्ष रामचन्द्र साह, सचिव अनिल कुमार यादव, सहसचिव पलटनिया देवी चौधरी, कोषाध्यक्ष रामलाल महतोलगायतका नेता कार्यकर्ताले राजीनामा दिएका हुन् । प्रदेशस्तरमा जसपा नेपाल क्षेत्र १ (क) का प्रदेश अध्यक्ष रामचन्द्र महतो, उपाध्यक्ष अली हुसेन अंसारी, महिला उपाध्यक्ष भगबनिया देवी माझी, सचिव पलटनिया देवी चौधरी, सहसचिव प्रमोद साह, कोषाध्यक्ष गणेश ठाकुर लगायतका पदाधिकारीले राजीनामा दिएका छन् । माघ १७ गते पूर्वसांसद तथा जसपा नेपालका केन्द्रीय सदस्य प्रमोद साहले संगठन विभाग र पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएपछि लगातार राजीनामाको लहर चलेको हो । माघ ११ गते जसपा नेपालका जिल्ला अध्यक्ष वीरेन्द्र रायले पनि पद त्याग गरिसकेका छन् । राजीनामा दिने अधिकांश नेताले केन्द्रीय अध्यक्ष उपेन्द्र यादव र प्रदेश नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन् ।

# पुँवालेको बिरुवा हुर्केकोमा अधिराजकुमार एड्वर्डद्वारा खुशी व्यक्त

**काठमाडौँ ।**
संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार एडिनब्राका ड्यूक एड्वर्ड र अधिराजकुमारी डचेस सोफीले गोदावरीस्थित राष्ट्रिय वनस्पति उद्यानमा वृक्षरोपण गर्दै अवलोकन गरेका छन् । नेपाल भ्रमणमा रहेका उनीहरुले बिहीबार उद्यानको अति विशिष्ट वृक्षरोपण क्षेत्रमा 'सुन चाँप' को बिरुवा रोपेपछि केही समय अवलोकन गरे । अधिराजकुमारी डचेस सोफीले उद्यानको मुख्य प्रवेशद्वार परिसरमा 'लाली गुँरास'को बिरुवा रोपिन् । बेलायतका महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपले सन् १९८६ मा सोही क्षेत्रमा 'पुँवाले' का दुई बिरुवा रोपेका थिए ।

अधिराजकुमार र अधिराजकुमारीले महारानी एलिजाबेथ र राजकुमार फिलिपले रोपेका पुँवालेका रुख राम्रोसँग हुर्केकोमा खुसी व्यक्त गरे । उनीहरुले यो कार्य लामो परम्परागत सम्बन्धको प्रतीक बनेको उल्लेख गरे । उनीहरुले बेलायतको सहयोगमा स्थापना गरिएको जैविक विविधता शैक्षिक उद्यानका साथै हर्बोरियन, अर्किड हाउसलगायत क्षेत्रको अवलोकन गरे । उनीहरुलाई वन तथा वातावरण राज्यमन्त्री रुपा विकले स्वागत गरिन् । रासस

# राजस्व अनुसन्धान पथलैयाद्वारा मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज ।**

राजस्व अनुसन्धान कार्यालय पथलैयाले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा ६८ करोड ७३ लाख मागदाबीसहित राजस्व चुहावटसँग सम्बन्धित आठ वटा मुद्दा दायर गरेको छ । कार्यालयले गत आर्थिक वर्षको सोही अवधिमा भने ५४ लाख माग दावीसहित राजस्व चुहावटसँग सम्बन्धित एक मात्रै मुद्दा दर्ता गरेको थियो ।




राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले गत आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व चुहावट सम्बन्धित मागदावी रकम र मुद्दासंख्या उल्लेखनीय रुपमा वृद्धि भएको जानकारी दिए । ‘कार्यालयले चालु आवको छ महिनाको अवधिमा ६८ करोड ७३ लाख राजस्व चुहावद्ध मुद्दा मागदावी रकमसहित आठ वटा राजस्व चुहावटका मुद्दा दर्ता गरेको छ’ उनले भने, ‘गत आवको सोही अवधिमा राजस्व चुहावट सम्बन्धित एउटा मात्रै मुद्दा दर्ता भएको थियो ।’ कार्यालयले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा राजस्व चुहावट धरौटी दाखिला रकम करिव ९६ प्रतिशत बढी सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको छ महिनाको अवधिमा राजस्व चुहावट धरौटी दाखिला रकम दुई करोड ९८ लाख सङ्कलन गरेको छ । जबकी गत आवको छ महिनाको अवधिमा भने एक करोड ५२ लाख धरौटी दाखिला गरेको थियो । कार्यालयले गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भिसिटिएस जरिवाना रकममा पनि १२ लाख ४३ हजार बढी सङ्कलन गरेको छ । कार्यालयले चालु आवको छ महिनाको अवधिमा भिसिटिएस जरिवाना रकम ४७ लाख ४३ हजार सङ्कलन गरेको छ भने गत आवको सोही अवधिमा भने ३५ लाख सङ्कलन गरेको थियो । कार्यालयले चालु आवमा विदेशी बिनियम मुद्दा संख्या छ रहेको छ भने गत आवमा पनि यो मुद्दासंख्या छ नै रहेको थियो ।

**पथलैयामा राजस्व चुहावटका घटना बढे**

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले राजस्व चुहावटका घटना बढेका बताएको छ ।

कार्यालयले चालु आर्थिक वर्षको छ महिनामा ६८ करोड ७३ लाख मागदाबीसहित राजस्व चुहावटसँग सम्बन्धित आठ वटा मुद्दा दर्ता गरेको छ । कार्यालयले गत आर्थिक वर्षको सोही अवधिमा ५४ लाख रुपैयाँ मागदाबीसहित राजस्व चुहावटसँग सम्बन्धित एउटा मुद्दा दर्ता गरेको थियो । उक्त कार्यालयका प्रमुख अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व चुहावटसम्बन्धी मागदाबी रकम र मुद्दा संख्या उल्लेखनीय रुपमा वृद्धि भएको बताए ।

कार्यालयले चालु आवको छ महिनामा चुहावट धरौटी रकम दुई करोड ९८ लाख रुपैयाँ सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा एक करोड ५२ लाख रुपैयाँ धरौटी राज्य कोषमा दाखिला भएको थियो । साथै गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भिसिटीएस जरिवाना रकम पनि १२ लाख ४३ हजार रुपैयाँ बढी सङ्कलन भएको छ ।

# सीमा क्षेत्रमा आपराधिक गतिविधि गर्ने चार जना पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**

नेपाल र भारतमा अपराधिक गतिविधि गर्ने गिरोहका एक भारतीयसहित चार जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहाको सुखीपुर नगरपालिका ८ बस्ने वर्ष ४५ का इन्दल भन्ने इन्द्रनारायण चौधरी, वर्ष ३१ का भैरव भन्ने देवकुमार मुखिया, लहान नगरपालिका ४ का ४१ वर्षीय दिनेश विश्वकर्मा र भारतीय नागरिक पश्चिम बंगाल जिल्ला हुगली ग्राम पञ्चायत भगबतीपुर ७ बस्ने निरोज भन्ने मेहराज मोन्डल छन् । मंगलबार लहान नगरपालिका–७ लहान बजारस्थित विकाश ट्रेडर्स (सुन चाँदी पसल) मा डाँका गर्ने योजना बनाइरहेको गोप्य सूचनाको आधारमा उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता डिएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए । उनीहरुमाथि जिल्ला अदालत सिरहाबाट म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको डिएसपी पासवानले बताए । प्रहरीका अनुसार पक्राउ परेकाहरु नेपाल र भारतमा लुटपाट, अपहरण, धम्काएर चन्दा असुल्ने जस्ता अपराधिक ‘डी’ ग्रुप चलाउने गरेका छन् । भारतीय प्रहरीले पनि सोही समूहका चारजनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।


# कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज, पर्सा

## कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

**प्रकाशित मिति :- २०८१/१०/२५ पहिलो पटक**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८१/१०/२५ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना पहिलो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रिगरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु त्था धनजमानी दिनेको घर घरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्ष्ण बिवरण |
|---|---|---|
| १. | ऋणी : सुखाडी राउत अहिर<br>पत्नी : सोसिला देवी<br>बुवा : खिरोधन राउत अहिर<br>बाजे : रामलगन राउत<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री रामलगन राउत को नाति खिरोधन राउत अहिर को छोरा सुखाडी राउत अहिर पर्सा जिल्ला बहुअरी पिडरी वडा न. ५ बस्ने ना.प्रा.न ०५१८०६७७ मिति २०३९/१/३ पर्सा वर्ष ६१ को सुखाडी राउत अहिर को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं.७(क) स्थितको किता नं. २५९,२६० को जग्गाको क्षेत्रफल ०-५-०,०-४-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेतसम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : नुरनेसा खातुन<br>पति : काउस देवान<br>बुवा : मुखतार देवान<br>ससुरा : ईसराईल देवान<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री ईसराईल देवान को बुहारी काउस देवान को श्रीमति नुरनेसा खातुन पर्सा जिल्ला रामगढवा वडा न.८बस्ने ना.प्रा.न ३४३०६६/१८ मिति २०६३/११/१२ पर्सा बर्ष ४१ को नुरनेसा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला रामगढवा वडा न ८ स्थितका किता नं. ३५ को जग्गाको क्षेत्रफल ११८.५१ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : सबिला खातुन<br>पति : वारिस देवान<br>बुवा : गुदर देवान<br>ससुरा : समसुल देवान<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री समसुल देवान को बुहारी वारिस देवान को श्रीमति सबिला खातुन बारा जिल्ला बहुअरी वडा न. १ बस्ने ना.प्रा.न ३३३०७५/६७३ मिति २०६३/१०/१५ बारा बर्ष ५२ को सबिला खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा बहुअरी बी वडा न २ स्थितको किता नं. ६२६ को जग्गाको ०-०-७-२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : नबिजान मिया अंसारी<br>पत्नी : साहजहा खातुन<br>बुवा : इयासिन मिया अंसारी<br>बाजे : सतार मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री सतार मिया को नाती इयासिन मिया अंसारी को छोरा नबिजान मिया अंसारी पर्सा जिल्ला बसडिलवा वडा न. ७ बस्ने ना.प्रा.न ०९७५१८३६ मिति २०५६/०४/०३ पर्सा बर्ष ४५ को नबिजान मिया अंसारी को नाममा एकलौटीदर्ता कायम भएको पर्सा जिल्ला बिरुवागुठी वडा न ७ स्थितका किता नं. २७८ को जग्गाको क्षेत्रफल १-२-१७-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : चन्द्रकिशोर साह कानु<br>पत्नी : प्रभा देवी<br>बुवा : चोकट सा कानु<br>बाजे : देवधारी सा कानु<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री देवधारी सा कानु को नाति चोकट सा कानु को छोरा चन्द्रकिशोर साह कानु बारा जिल्ला रघुनाथपुर वडा न.९ बस्ने चन्द्रकिशोर साह कानु ना.प्रा.न ३३३०९६/५५७ मिति २०६३/१२/१५ बारा बर्ष ५४ को चन्द्रकिशोर साह कानु को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी बी वडा न २ स्थितको किता नं.७२२ को जग्गाको ०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | ऋणी : जयनाथ दास तत्वा<br>पत्नी : लालझरी देवी<br>बुवा : अमोल दास<br>बाजे : झगरु दास<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री झगरु दास को नाति अमोल दास को छोरा जयनाथ दास तत्वा पर्सा जिल्ला प्रसौनी बिर्ता वडा न.६ बस्ने ना.प्रा.न ७०१२१३४० मिति २०४०/०५/१३ पर्सा वर्ष ६१ को जयनाथ दास तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला प्रसौनी बिर्ता वडा नं. ५ स्थितका किता नं. २५ को जग्गाको क्षेत्रफल ११०.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | ऋणी : जयनाथ दास तत्वा,शंभु दास तत्वा,भरथ दास तत्वा<br>पत्नी : लालझरी देवी<br>बुवा : अमोल दास<br>बाजे : झगरु दास<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री झगरु दास को नाति अमोल दास को छोरा जयनाथ दास तत्वा,शंभु दास तत्वा,भरथ दास तत्वा पर्सा जिल्ला प्रसौनी बिर्ता वडा न.६बस्ने ना.प्रा.न.७०१२१३४०,७०१२१४६६,७०१२१४६७ मिति २०४०/०५/१३,२०४६/११/१७, २०४४/११/१७ पर्सा वर्ष ६१,५७,५९ को जयनाथ दास तत्वा,शंभु दास तत्वा,भरथ दास तत्वा को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला मनियारी वडा नं.२ स्थितका किता नं. १९७ को जग्गाको क्षेत्रफल ०-३-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |


# मोटरसाइकल र ट्याक्टर ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२४ हरपुर पुल नजिकै मोटरसाइकल र ट्याक्टर एकआपसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । ना ३ त ८४१९ नम्बरको ट्याक्टरले श्रीपुरबाट मिलन चोकतर्फ जाँदै गर्दा विपरीत दिशाबाट आइरहेको ना ६५ प ५५०५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको बारा प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका कलैया उपमहानगरपालिका–१६ मझौलिया टोलका ३१ वर्षीय विजयकुमार महतोको उपचारका क्रममा वीरगंजस्थित नेपाल मेडीसिटी ब्योधा अस्पतालमा मृत्यु भएको छ । दुर्घटनापछि ट्याक्टर चालक फरार रहेको र उनको खोजी कार्य तीव्र पारिएको प्रहरीले जानकारी दिएको छ । स्थानीय प्रत्यक्षदर्शीका अनुसार ट्याक्टर तीव्र गतिमा रहेको र अनियन्त्रित भएर मोटरसाइकललाई ठक्कर दिएको अनुमान गरिएको छ । घटनापछि स्थानीयवासीले दोषीलाई कारबाही र क्षतिपूर्तिको माग गरेका छन् ।

# अभियुक्तलाई सफाइ दिएपछि पीडित परिवार धर्नामा

**मधेशदृष्टि**
**वीरगंज ।**

कर्तव्य ज्यान मुद्दाका अभियुक्तलाई सफाइ दिएपछि रौतहटमा पीडित परिवार जिल्ला अदालत अगाडि धर्नामा उत्रिएको छ । २०७६ असार ४ गते राति यमुनामाई गाउँपालिका–४, सरुअठा गाउँका विनोद गुप्तालाई उधारो सामान नदिएको विषयमा गाउँकै समूहले मरणासन्न हुने गरी कुटपिट गरेको थियो । गम्भीर घाइते बनेका गुप्ताको नेशनल मेडिकल कलेज वीरगंजमा उपचारका क्रममा असार १० गते मृत्यु भएको थियो । मृतकको भाइ राजन गुप्ता र श्रीमती अनिता देवीको जाहेरीका आधारमा रामकिशोर सिंह, रामविनोद सिंह, निखिल कुमार सिंहसहित आठ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो ।माघ २० गते जिल्ला न्यायाधीश मनोज केसीको इजलासले अभियोग प्रमाण नपुग्ने भन्दै रामकिशोर सिंह र रामविनोद सिंहलाई सफाइ दिएपछि पीडित परिवार आन्दोलित बनेका हुन् । सोमबारदेखि जाहेरीवाला राजन गुप्ता र मृतककी श्रीमती अनिता देवी समर्थक सहित जिल्ला अदालत अगाडि धर्नामा बसेका छन् । घटनाका अन्य चार आरोपितहरू अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पीडित परिवारले न्यायको सुनिश्चितता र दोषीलाई कारबाहीको माग गर्दै आन्दोलन जारी राखेको छ ।

# ड्युटीमा रहेका असईको आकस्मिक निधन

**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला प्रहरी कार्यालय महोत्तरीको कन्ट्रोल रुममा ड्युटी गरिरहेका प्रहरी सहायक निरीक्षक (असई) सुरेन्द्र राम चमारको आकस्मिक निधन भएको छ । ड्युटीका क्रममा अचानक श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई तत्काल प्रादेशिक अस्पताल जलेश्वर पुर्‍याइएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि जनकपुरस्थित प्रादेशिक अस्पतालमा स्थानान्तरण गरिए पनि चिकित्सकहरूले उनलाई बचाउन सकेनन् । श्वासप्रश्वासमा गाह्रो महसुस गरेपछि असई चमारको निधन भएको प्रहरीले जनाएको छ । उनी लामो समयदेखि मधुमेह र उच्च रक्तचापबाट पीडित थिए । चिकित्सकहरूले अक्सिजन आपूर्ति र सिपिआर मार्फत बचाउने प्रयास गरे पनि सफलता प्राप्त हुन सकेन । असई चमारले २३ वर्ष १० महिना ८ दिन प्रहरी सेवामा काम गरेका थिए । सात महिनाअघि मात्र उनको सरुवा सिन्धुपाल्चोकबाट महोत्तरीमा भएको थियो ।

# टिहुकीमा निःशुल्क आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर २ टिहुकीमा निःशूल्क आँखा शिविर सम्पन्न भएको छ ।

छिपहरमाई गाउँपालिकाको सहयोगमा श्री उद्यमशिलता सृजना तालिम तथा परामर्श केन्द्रको आयोजनमा शिविर सम्पन्न भएको हो । शिविरमा ३ सय १५ जनाले आँखा परीक्षण गराएका थिए ।

जसमध्ये १ सय ५ जनामा मोतिबिन्दुको समस्या देखिएको थियो । मोतिबिन्दुको समस्या देखिएका बिरामीहरुको वीरगंजस्थित किरण आँखा अस्पतालमा निःशूल्क शल्यक्रिया गरिनेछ ।

सम्पादकीय

# उद्योगमा नेपाली श्रमिक र कर आतंक अन्त्य

*आम जनता पार्टी (आजपा) निकटको आम ट्रेड युनियन फेडरेशनले श्रमिकका हकअधिकारसहित विभिन्न माग गर्दै श्रम तथा रोजगार मन्त्री शरतसिंह भण्डारीलाई ध्यानाकर्षण पत्र बुझाएको छ । सिंहदरबारमा बिहीबार फेडरेशनका पदाधिकारीहरु पुगेर श्रममन्त्री भण्डारीलाई ध्यानाकर्षण पत्र बुझाइएको हो । श्रमिकको हकअधिकारका लागि संघर्ष गरिरहेको फेडरेशनले विभिन्न कार्यक्रमसहित संघर्षका कार्यक्रम जारी राखेको छ । फेडरेशनले श्रमिकको न्यूनतम तलब २८ हजार रुपैयाँ हुनुपर्ने, घरेलु श्रमिकका लागि ऐन निर्माण गर्नुपर्ने, नेपाली उद्योगमा विदेशी कामदारको अन्त्य र नेपाली श्रमिकले काम पाउने व्यवस्था गर्नुपर्ने, विदेशमा कामका लागि जाने श्रमिकलाई ट्रेड युनियन अधिकार र समाजिक सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने, पिस रेट ठेक्का तथा अनौपचारिक क्षेत्रमा सामाजिक सुरक्षा ऐन कार्यान्वयन गर्नुपर्नेलगायतका माग श्रम मन्त्रीसँग राखेको छ।*

*माननीय मन्त्रीज्यू, श्रमिकहरुको अवस्था दयनीय छ । विद्यमान तलब भत्ताबाट दैनिक जीवन निर्वाह गर्न सम्भव छैन। श्रम ऐन नियम कार्यान्वयन हुन सकेको छैन । घरेलु श्रमिकको अवस्था झन नाजुक छ । वैदेशिक रोजगारीमा जाने श्रमिकको ट्रेड युनियन अधिकार नहुँदा नारकीय जीवन बिताउन बाध्य छन् । सीमित मात्रामा सञ्चालनमा रहेको उद्योगमा समेत विदेशीले काम पाउने नेपालीले नपाउने अवस्था छ भनेर उनीहरुले श्रममन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा लेखिएको छ। यस्तै, आजपाले सरकारको मनपरी कर आतंकबारे काठमाडौँमा शनिबार अन्तरक्रिया गर्ने भएको छ । आजपाले अर्थ विज्ञसहितको सहभागितामा 'कर आतंक कहिलेसम्म ?' भन्ने विषयमा अन्तरक्रिया गर्दैछ। अन्तरक्रियामा आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साह, वरिष्ठ उपाध्यक्ष एवम् संविधान सभा सदस्य तिलक थापा, अर्थविद् एवम् पूर्वगभर्नर डा.दीपेन्द्रबहादुर क्षेत्री, अर्थविद् प्रा.डा. गोपीनाथ न्यौपानेलगायतको सहभागिता रहने आजपाको भनाइ छ।*

*सरकारको मनपरी कर आतंकले मुलुकको अर्थतन्त्र धरासायी बन्दै गइरहेको भन्दै आजपाले बिगतदेखि नै संघर्ष गर्दै आएको छ । सरकारको मनपरी कर आतंकविरुद्ध आजपाले काठमाडौँ, वीरगंज, चितवन, पोखरासहितका प्रमुख शहरमा विरोध सभाका साथै विरोध प्रदर्शन र भेला गरेर सन्देश दिइसकेको छ । मुलुकलाई समृद्ध बनाउन सरकारको मनोमानी कर आतंक बन्द हुनुपर्ने आजपाले माग गर्दै आएको छ । अर्थतन्त्रमा गुणात्मक सुधारसहित देशमा सुशासन, विकास र समृद्धिको जनचाहना पूरा गराउन सरकारको मनोमानी कर आतंक बन्द नभएसम्म पार्टीद्वारा जारी संघर्षका कार्यक्रम जारी रहने आजपाको दाबी छन्।*

# मानसिक स्वास्थ्यमा भोजनको प्रभाव



डा.अरुणा उप्रेती

चालिस वर्षदेखि कार्यरत वरिष्ठ मानसिकरोग विशेषज्ञ डा.विश्वबन्धु शर्माको अनुभवमा मानसिक रूपमा स्वस्थ रहन हाम्रो भोजनले ठूलो भूमिका खेल्छ।

डा.शर्माका विचार 'सामान्य शारीरिक स्वास्थ्यको अवस्था मानसिक स्वास्थ्यको पूर्वाधार भएकाले जस्तो खानपिनले शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ, त्यो मानसिक स्वास्थ्यको लागि पनि उपयुक्त हुन्छ भन्ने कुरा सामान्य स्थापित मान्यता हो। केही खाद्य वस्तुको विशेष भूमिका रहन्छ।'

सुक्ष्म पोषण तत्वसहित रेशादार पदार्थ प्रचुर मात्रामा भएको खाना विशेषरूपले मानसिक स्वास्थ्य सबल पार्न मद्दत गर्छ। जति सक्यो कम प्रशोधन गरिएको, शरिरमा एकैचोटी चिनीको मात्रा नबढाउने, ताजा खाद्य पदार्थले मस्तिष्क सक्रिय र प्रभावकारी बनाउन भूमिका खेल्छन्। अर्थात् विभिन्न थरिका स्वस्थ भोजनका साथै वनस्पतिजन्य भोजनले मस्तिष्कलाई क्रियाशील बनाउन सक्षम हुन्छ । त्यसैगरी विभिन्न फलफूलजस्तै सुन्तला, जुनार, अम्बा, विभिन्न प्रकारको बेरीहरु जस्तै (काफल, ऐसेँलु, स्ट्रबेरी जस्ता) फलफूलमा शरीरमा एन्टिअक्सिडेन्ट (बढौती हुने प्रक्रिया न्यूनीकरण गर्ने) तत्व, रेशादार हुन्छन् । यी तत्वहरुले मानसिक स्वास्थ्य सबल राख्न भूमिका खेल्छन्।

त्यसैगरी तरकारी जस्तो ब्रोकाउली, काउली, मुला आदिजस्ता तरकारी पनि महत्वपूर्ण मानिन्छन् । गाढा हरियो पात, रंगीन तरकारी जस्तैः फर्सी, चुकन्दर, रातो बन्दा आदिमा पर्याप्त मात्रामा फाइटोकेमिकल (एक रसायन जुन मस्तिष्कको लागि उपयोगी) हुन्छ।

मानसिक स्वास्थ्यमा सकरात्मक असर पार्छ। स्वस्थकर खानाको चर्चा गर्दा वैज्ञानिकले महत्वपूर्ण कुरा शुरुवात भएको छ । मानसिक स्वास्थ्य समस्या भएर आएका बिरामीलाई ओखर, विभिन्न बियाँ (आलस, तिल, फर्सीको बियाँ) र रंगीन दलहन र कालो दाल, रातो दाल मुगे प्रयोग गर्ने सल्लाह दिइन्छ । डा.शर्माको भनाइले स्पष्ट हुन्छ कि प्रायःमानसिक स्वास्थ्य सबल राख्न पनि त्यस्ता भोजनले भूमिका खेल्छन जुन भोजनले मुटु, कलेजो, पाचन प्रणाली स्वस्थ राख्छ।

विभिन्न वैज्ञानिक अनुसन्धानले सिद्ध गरेका छन् । डा.शर्माको भनाइ अनुसार'मस्तिष्कको लागि भिटामिन 'बी' १२, भिटामिन 'डी' आदि पनि महत्वपूर्ण छन्। भिटामिन 'बी' १२ को धेरै कमी भए बिर्सने रोगको जस्तै लक्षण देखा पर्ने सम्भावना हुन्छ । 'चरुवा कुखुराको अण्डा, ताजा पानीका माछा, चरुवा जनावरको मासुको सेवन मस्तिष्क स्वस्थ राख्न उपयुक्त हुन्छ। हुन त कति स्वास्थ्यकर्मीले भिटामिन 'बी' १२ शाकाहारी भोजनमा पाइन्न भन्ने ठान्छन्। तर वनस्पतिजन्य भोजन जस्तैः चिज, पनिर, दही, मोहीले शरीरमा भिटामीन 'बी' १२ पुग्छ' भन्ने डा शर्माको अनुभव छ । 'मष्तिस्कका कोषिकाहरु नष्ट भएपछि पुनर्जीवित हुँदैनन्, त्यसैले नष्ट हुने प्रकृिया न्यूनीकरण गर्न सकेसम्म स्वास्थ्यका भोजनमा ध्यान दिनुपर्छ।'

विगत केही वर्षदेखि पोषण र मानसिक स्वस्थ अनेक अनुसन्धान भइरहेको र मानसिक रोग विज्ञले मानसिक रूपमा स्वस्थ रहन व्यायाम, निद्रा, सामाजिक सक्रियातालाई पनि महत्वपूर्ण ठान्छन्।

मानसिक समस्या भएर विभिन्न औषधि सेवन गर्दा त्यसबाट हुने 'साइडइफेक्ट' न्यूनीकरण गर्न पनि पौष्टिक भोजनको जरुरत पर्दछ । कुनै औषधिले कब्जियत गराए पर्याप्त मात्रामा सुप, पानी वा मोही पिउने र विभिन्न थरिका साग, फलफूलजस्ता रेशादार तत्व बढी भएका भोजनको प्रयोग गर्नुपर्छ।

त्यसैगरी अनिद्राको कारणले मस्तिष्क र पाचन प्रणालीमा समस्या हुनसक्ने भएकाले यो बेलामा पनि भोजन र जीवनशैलीसम्बन्धी परामर्श दिइन्छ। सुत्ने बेला तातो दूध र बेसारको सेवन गर्ने, रातिको समयमा धेरै क्यालोरी र बोसोजन्य वस्तु आदि नखाने सल्लाह दिइन्छ । पाचन अङ्ग आन्द्रा र आन्द्रामा भएका सुक्ष्म किटाणुले पाचन प्रणालीलाई मजबुत गराउनेछ भने हालै वैज्ञानिक अनुसन्धानले देखाएको छ। मानसिक स्वास्थ्यसँग भोजन जोडिएको छ भन्ने तथ्य त केही चिकित्सकले अगाडिदेखि भन्दै आए पनि यो कुरा आम मानिसले बुझ्न अझै बाँकी छ । पेटभित्रको अङ्गको फरकफरक सञ्चालन प्रकृया छ।

आकाश गङ्गामा खर्बौं तारा रहे जस्तो पेटभित्र पनि खर्बौं किटाणु छन्। जीवाणु, ढुसी आदि शरीरको विभिन्न भाग (आन्द्र) भूँडीको साथै फोक्सो आदिमा अवस्थित रहन्छन् । यिनको उपस्थितिले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यमा भूमिका खेल्न सक्नेबारे अनुसन्धान भइरहेको छ।

आधुनिक चिकित्सा विज्ञानले भन्छ, 'धेरैजसो शारीरिक रोगको जरो पेटमा हुन्छ ।' आयुर्वेद विज्ञानले पनि पेटको समस्या परेपछि विभिन्न रोग उब्जिन्ने उल्लेख गरेको छ । अहिलेको वैज्ञानिक अनुसन्धानले सिद्ध गरेको छ कि 'पेटको स्वास्थ्यले मानसिक स्वास्थ्यमा पनि असर पर्छ।

सजिलो बुझ्ने भाषामा बुझ्ने हो भने मानसिकरूपमा सबल हुन स्वस्थकर भोजन चाहिन्छ । मानसिक रोगीलाई केबल पेटको स्वास्थ्य राम्रो पारेर मात्रै उपचार गर्न सकिन्छ भन्ने होइन। मानसिक तनाव, डिप्रेसन, छारेरोग, उन्माद हुँदा औषधिको जरुरत पर्छ नै।

कतिलाई त लामो समय औषधि जरुरत पर्छ। तर मानसिक रोग लागेका मानिसलाई औषधिको साथै स्वस्थ भोजनको पनि जरुरत पर्छ भन्ने चाहिँ पक्कै हो । जस्तो छारेरोग लागेको मानिसले जाँड रक्सी त छुनै हुँदैन।

हाम्रो पेट स्वस्थ भयो भने अर्थात् स्वस्थ खाना खायौँ भने मानसिक स्वास्थ्यको उपचार पनि ठूलो भूमिको खेल्छ। पेट र सम्बन्ध दुईबीचको प्रगाढ सम्बन्ध छ। यतिसम्म कि पेटलाई त दोस्रो मस्तिष्क नै मानिएको छ। यो स्पष्ट छ कि पेटमा रहेको खर्बौं जीवाणुको स्वास्थ्य पनि हाम्रो भोजनमा नै निर्भर रहन्छ।

अनि तीनै जीवाणुले र किटाणुले हाम्रो मस्तिष्क भावना उत्तार चढावमा भूमिका खेल्छ । सरकारको स्वास्थ्यको कार्यक्रममा मानसिक रोगको उपचार र मानसिक स्वास्थ्य अति कम प्राथमिकतामा पर्छ।

किनभने जो यो समस्याबाट पीडित छ उसले आफूलाई भएको समस्याको बारेमा बोल्न सक्दो आवाज उठाउन सक्दैन । जसलाई यो समस्या परेको छैन, उसले मानसिक रोगीप्रति हेर्ने दृष्टिकोण सकारात्मक रहेको पाइँदैन। शरीर स्वस्थ रह्यो भने मन स्वस्थ रहन्छ, पेट स्वस्थ भए मन र शरीर दुवै स्वस्थ भन्ने भनाइ पनि छ । विज्ञले भन्नुहुन्छ पेटको स्वास्थ्यसँग छ सम्बन्ध अहिले विभिन्न बिर्सिने रोग, पार्किन्सको समस्याले मानसिक समस्यामा पनि भूमिका खेल्छ।

सेराटोनिन नामको तत्व पेटमा ८० प्रतिशत उत्पन्न हुन्छ। सेराटोनिनले मानव मस्तिष्कमा प्रभाव पारेर आनन्दको अनुभूति जगाउँछ। तर मस्तिष्कमा सेराटोनिनको कमि भएपछि उदास हुने समस्या उत्पन्न हुन्छ।

जुन तत्व पेटमा उत्पन्न भएर मस्तिष्कको कार्यलाई नियन्त्रण गर्छ । त्यसैले पेट स्वस्थ राख्न भोजन निन्द्रा, व्यायामको कुराले महत्व राख्दछ । रेशादार पदार्थ भएको भोजनको उपयोग गर्दा मनको स्वास्थ्य सबल राख्न पनि मद्दत गर्छ।

विश्व स्वास्थ्य सङ्गठनको एक तथ्यांकअनुसार कुनै पनि समाजमा १५ प्रतिशत मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित हुन्छन् र दुई प्रतिशत मानिसमा अति कडा खालका मानसिक समस्या रहेको छ।

यस अर्थमा नेपालमा पनि झण्डै ४० लाख मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित छन् र झण्डै छ लाख मानिसमा कडा किसिमको मानसिक समस्या रहेको छ।

यस्ता मानसिक समस्यामध्ये सुस्त मनस्थिति, विभिन्न किसिमका लागूऔषधिहरु प्रयोग गरेर विक्षिप्त भएका मानिस, विभिन्न किसिमका सामाजिक समस्या परेर मानसिक अपराध र डिप्रेसन, प्रसवपछि मानसिक समस्या परेका आदि व्यक्ति पनि पर्छन्।

अहिलेको बदलिँदो सामाजिक अवस्थाले गर्दा बढ्दै गरेका मानसिक समस्या अझ थपिएका छन्। विश्व स्वास्थ्यको तथ्याङ्कलाई हेर्ने हो भने संसारभरमा मानिसलाई सबभन्दा बढी अशक्त भार पर्ने १० वटा रोगमध्ये पाँच वटा त मानसिक रोग नै छ।

त्यसमा पनि डिप्रेशन (मानसिक अवस्था) दोस्रो स्थानमा छ। बढ्दो मानसिक रोगको समस्याको दिगो समाधानका लागि समयमै औषधोपचार गर्नुको साथै उचित खानपानमा पनि ध्यान दिन आवश्यक छ । यसबारेमा जनस्तरमै चेतना अभिवृद्धि हर्नुपर्ने देखिन्छ। रासस

# संविधान संशोधन अग्रगमनका लागि हुनुपर्छ



रेखा शर्मा

पछिल्लो समय संसद्को प्रभावकारिताबारे प्रश्न उठ्न थालेको छ । संसद्लाई कति सक्रिय र प्रभावकारी बनाउने भन्ने कुरा सरकारले संसदलाई दिने 'बिजनेस'मा निर्भर हुन्छ । कुनै पनि विषयमा सदनमा पर्याप्त छलफल गरी उचित निर्णयमा पुग्न सकियो भने त्यसको नतिजा पनि देखिन्छ।

प्रतिनिधिसभाको समग्र नेतृत्व सभामुखले गर्ने भएकाले उहाँले पनि आवश्यक छलफल, पूर्वतयारी र कार्यसूची बनाएर संसद्लाई गतिशील एवं प्रभावकारी बनाउनतर्फ ध्यान दिनुपर्दछ । संसद्को हिउँदे अधिवेशन विधेयक अधिवेशन पनि हो। यसलाई मूल रुपमा सरकारले पर्याप्त बिजनेस दिने र संसद्ले तदारुकताका साथ अघि बढाउने कुरालाई प्राथमिकता दिनुपर्छ । संसद्को प्रभावकारिता संसदीय समितिमा विचाराधीन विधेयकहरुमाथि कति महत्वका साथ छलफल हुन्छ र नतिजा निकालिन्छ भन्ने कुरामा पनि भर पर्छ।

सांसदहरुले आफ्नै प्रयासमा गैरसरकारी विधेयक संसद्मा ल्याउने चलन हामीकहाँ निकै कम छ। विधायकको भूमिकामा भन्दा पनि सांसदहरु विकास निर्माणका काममा बढी जोडिने गरेका भनेर आलोचना हुने गरेको छ। यसमा आंशिक सत्यता पनि छ। किनकि, सांसदहरुको मूल्याङ्कन नै उनीहरुले आफ्नो निर्वाचन क्षेत्रका लागि के–कति काम गरे भन्नेसँग जोडेर हेर्ने गरियो । सांसद निर्वाचित भएर आइसकेपछि विधायकको भूमिका मुख्य हुने र विकास निर्माणसँग जोडिएका काम सहायक हो भनेर हामी आफैँले बुझाउन सकेनौँ। एउटा निर्वाचित सांसदले आफ्नो क्षेत्रमा विकास निर्माणको काम गरेन, आयोजना पारेन भने उसको मूल्याङ्कन त्यसैअनुसार हुने परिपाटी सुरुदेखिनै चल्यो । यसकारण सांसदहरु आफ्नो क्षेत्रका योजना माग्ने र त्यसको रेखदेखका काममा केन्द्रित हुनुपर्ने बाध्यात्मक अवस्था पनि छ। यद्यपि, यो कसैको रुचिको विषय पनि हुनसक्छ।

संसद्मा पेस भएका विधेयकलाई व्यवस्थित, बलियो र कार्यान्वयनयोग्य कानुनको रुप दिन सांसदहरुले पनि आफूलाई निखार्दै लग्नुपर्नेछ । विकास–निर्माणका काममा बढी लाग्ने तर कानुन निर्माणमा कम खटिने सांसदहरुले आफ्नो समीक्षा गर्न जरुरी छ। जनतालाई धारा, खानेपानी, बाटो, सिँचाइलगायत विकास पूर्वाधार बनाउने भनेर निर्वाचनका 'एजेण्डा' बनाइसकेपछि नागरिकले त्यसको अपेक्षा गर्नु स्वाभाविक नै हो। यो अप्ठ्यारो परिस्थितिबारे जनतालाई बुझाउँदै जानुपर्ने खाँचो छ। सँगसँगै हाम्रो निर्वाचन प्रणालीबारे हामीले समीक्षा गर्नुपर्ने बेला आएको छ।

अहिले संविधान संशोधनको विषय पनि आएको छ। सबैभन्दा मुख्य कुरा विद्यमान संविधानका राम्रा पक्ष कार्यान्वयनमा जोड दिइनुपर्दछ। संविधान बनेको १० वर्ष पुग्नै लाग्दा एक दशकमा पुनरवलोकन गर्नु एक हिसाबले जायज पनि हो । तर वर्तमान सत्तारुढ गठबन्धनले संविधान संशोधनका विषयमा गरेको सहमति प्रायोजित देखिँदै छ । किन भने संविधान संशोधनका विषयमा इमानदारिता हुन्थ्यो भने आजका दिनसम्म छलफल सुरु भइसक्नुपर्थ्यो । संशोधनको प्रक्रिया, सरोकार भएकाहरुसँग छलफल केहीपनि भएको देखिँदैन।

संविधान संशोधनप्रति माओवादी केन्द्रको सहमति नै छ। संविधान निर्माणका क्रममा पनि हामीले दलगत र व्यक्तिगत रुपमै पनि फरक मत राखेका थियौँ । तर संविधान संशोधनमार्फत स्थायित्व खोज्नेभन्दा पनि उत्पीडित जाति, समुदायको अधिकार सङ्कुचित गरेर जाने शैलीप्रति हाम्रो विमति छ । सकारात्मक र प्रगतिशील विषयहरुलाई समेटेर संविधान संशोधन गर्ने विषयमा हाम्रो आपत्ति छैन।

संविधान संशोधन भन्दै गर्दा त्यहाँ सांस्कृतिक स्वरुपका कुरा छन्। निर्वाचन प्रणालीका कुरा छन्। उत्पीडित जाति, क्षेत्र, लिङ्ग, समुदायलाई अधिकारसम्पन्न बनाउने कुराहरु छन्। तर सरकार नै यसका लागि इमानदार भएर देखा परेको छैन । संविधान संशोधन भनेको सरकार बनाउनका निमित्त राजनीतिक एजेण्डा देखाएको जस्तो मात्रै भएको छ। आजका दिनसम्म कुनै गम्भीर छलफल र प्रक्रिया नथालेको सरकारले कसरी संविधान संशोधन गर्छ भन्ने प्रश्न छ। अग्रगमनका लागि संविधान संशोधन गर्न हामी सधैँ तयार छौँ।

आम नागरिकका समृद्धिका आकाङ्क्षा पूरा हुन नसक्दा विद्यमान व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुने परिस्थिति निर्माण हुँदैछ। यसमा हाम्रो खराब कार्यशैली एउटा मुख्य कारण हो। हामीले लामो सङ्घर्ष र बलिदानबाट लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थपना गरेका हौँ तर यो व्यवस्था सञ्चालन गर्नेहरु सुध्रिन सकेनन्। सुशासन कायम गर्नेजस्ता पेचिला प्रश्नहरुमा पछिल्ला सरकारहरु चुक्दै गएका छन्।

झण्डै दुई तिहाइ बहुमतको वर्तमान सरकारले महँगी नियन्त्रण, सुशासन कायम गर्नेजस्ता कुरामा प्रभावकारी ढङ्गबाट काम गर्न सकिरहको छैन रु हामी प्रतिपक्षीले हेर्दा सरकारले यी तमाम विषयमा आफूलाई कहीँकतै सुधार्न सकेको देखिन्न । जनताले विश्वास गर्नसक्ने गरी समयमै कार्यशैलीमा सुधार नल्याउने हो अझ निराशा बढ्छ। अन्ततः व्यवस्थाप्रति नै निराशा जाग्ने र त्यसले मुलुकलाई थप अस्थिरतातर्फ धकेल्न सक्छ।

जनतालाई आशावादी बनाउनका लागि शासक र शासन व्यवस्था सञ्चालन गर्नेहरुको प्रवृत्ति सुधार नै मुख्य कुरा हो। राजनीति गर्ने मानिसको संस्कार, आचरण सुधार गर्नुपर्ने खाँचो छ। हामी प्रतिपक्षमा रहेकाले खबरदारी गर्छौं । भ्रष्टाचार र अनियमितताका सबालमा सरकारलाई घचघच्याइरहन्छौँ । जनतासम्म पुऱ्याउने, उनीहरुका कुरा सुन्ने र सदनमार्फत ती कुरा सरकारसमक्ष पुऱ्याउने काम हामीले गरिरहेका छौँ।

अघिल्लो सरकारमा मैले करिब डेढ वर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेँ। त्यस अवधिमा मैले के काम गरेँ र के गर्न सकिनँ भनेर लिपिबद्ध गरेकी छु। मैले जिम्मेवारीमा रहँदा गरेका केही कामहरुका परिणाम आइरहेका छन्। सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक म मन्त्रालयको जिम्मेवारीमा हुँदा नै तयार पारिएको थियो । त्यो अहिले संसद्मा दर्ता भएको छ । विभिन्न सेवा प्रदायकहरुको कार्यक्षमता सुधार तथा विस्तार, सरकारी राजस्वमा दाखिला हुनुपर्ने रकमको असुलीलगायत कार्यलाई हामीले प्राथमिकतामा राखेका थियौँ। उक्त कदमले सञ्चार मन्त्रालयको बेरुजु घटेको छ भने राजस्व बढेको छ।

सांसद रेखा शर्माको परिचय

विसं २०४३ देखि राजनीतिमा संलग्न रेखा शर्मा प्रतिनिधिसभा निर्वाचन २०७९ मा दाङ निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित भएकी हुन् । उनले २०७० सालमा संविधानसभा सदस्यका रुपमा संविधान निर्माणमा पनि योगदान गरेकी थिइन् । २०७४ सालमा पनि उनी प्रतिनिधिसभा सदस्य रहेकी थिइन् । उनले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (मसाल) को विद्यार्थी सङ्गठन र महिला सङ्गठनमा रहेरसमेत काम गर्नुभएको थियो । सांसद शर्मा २०५३ देखि २०५८ सालसम्म अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को केन्द्रीय अध्यक्ष रहेकी थिइन्। रासस

# प्रतिनिधिसभाः सांसदहरूद्वारा विभिन्न विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले जाजरकोट भूकम्पबाट प्रभावितलाई अस्थायी आवासको सुनिश्चित गर्न माग गरेका छन् ।

प्रतिनिधिसभाको विहीबारको बैठकको शून्य समयमा उनले जाजरकोट भूकम्पबाटबाट ९२ हजारभन्दा बढी घरको पुनःनिर्माण गर्नुपर्ने आकलन गरिएको र कतिपय परिवारले हालसम्म दोस्रो किस्ता पनि नपाएको गुनासो रहेको भन्दै तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

महामन्त्री थापाले गत असोजको बाढीले बगाएका र भत्किएका घरको अस्थायी आवास निर्माणका निम्ति मङ्सिर मसान्तभित्र अनुदान दिने राष्ट्रिय विपद् व्यवस्थापन परिषद्ले घोषणा गरेकामा अझै पनि कतिपयले पहिलो किस्ता अनुदान नपाएको भन्दै तत्कालय अनुदान उपलब्ध गराउन माग गरे ।

उक्त बाढीबाट ४१ वटा सडक खण्ड पुनः निर्माणका लागि २५ अर्ब आवश्यक हुने तथा सबै पुनःनिर्माण गर्न करिब एक खर्ब चाहिने भनिए पनि सरकारले २१ अर्ब मात्र बजेट विनियोजन गरेको भन्दै उनले यति ठूलो रकम कहाँबाट जुटाउने हो भन्नेबारे सदनलाई जानकारी गराउन सरकारसमक्ष माग गरे ।



**व्यवस्थित सहरको अवधारणा कार्यान्वयन गरियोस्**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद अच्युतप्रसाद मैनालीले आधुनिक नयाँ सहरको अवधारणा कायान्वयन गर्न सरकारलाई आग्रह गरे । सरकारले विसं २०६७÷६८ बाट आधुनिक नयाँ सहरको विकास तथा निर्माणको अवधारणा अगाडि सारेको थियो ।

पहिलो चरणमा निजगढ, लुम्बिनी, पालुङटारलगायत १० वटा र दोस्रो मध्यपहाडी लोकमार्ग, तराई–मधेश र हिमाली बस्ती गरेर कूल ५४ वटा नयाँ सहरको घोषणा गरिएकामा यस अवधिमा १२ अर्ब रुपैयाँ मात्र बजेट विनियोजन भएको भन्दै उनले आवश्यक बजेट व्यवस्थापन गर्न माग गरे ।

निजगढमा हालसम्म सात करोड मात्रै बजेट विनियोजन भएको भन्दै सांसद मैनालीले अन्य सुविधाबाट बञ्चित हुने र स्मार्ट सिटीको बजेट पनि नपर्ने प्रवृत्तिले नागरिकमा निराशा उत्पन्न भएको जिकिर गरे ।

**अंगीकृत नागरिकता पाउन अझै सकस**
नेपाली कांग्रेसका सांसद अञ्जली श्रेष्ठले अङ्गीकृत नागरिकता पाउन अझै सकस रहेको बताइन् । पुरुषले विवाह गर्दा सहजै नागरिकता पाउने तर महिलाले विवाह गरेको २० देखि २५ वर्षसम्म पनि तीनले जन्माएका सन्तानले अङ्गीकृत नागरिकता नपाउने अवस्था हुनु दुःखद् रहेको भन्दै उनले यसलाई सहज बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद अनिषा नेपालीले सर्लाही बरहथवा नगरपालिका–४ का वासतेन्द्रकुमार चमारले सोही नगरपालिका–५ की नेहा रौनियारसँग प्रेम विवाह गरेको र उक्त विषयमा पीडितले न्याय पाउन नसकेको भन्दै उमेर पुगेका युवायुवतीले मनमिले स्वतन्त्रपूर्वक विवाह गर्न पाउने संवैधानिक हक सुनिश्चित हुनुपर्ने माग गरिन् । उनले उक्त घटनाबारे गृहमन्त्रीबाट सदनलाई जानकारी गराउन माग गरिन् ।

सोही विषयमा सांसद अमरेशकुमार सिंहले ठेगाना नमिलेको जनाउदै त्यससम्बन्धी प्रस्तुत विषयलाई रेकर्डबाट हटाउन ध्यानाकर्षण गराए । नेकपा (माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले मोरङको हुलाकी राजमार्ग कटहरी सडकखण्डको दुरावस्थाले नागरिकलाई सास्ती भइरहेको भन्दै निर्माणकार्य द्रुत गतिमा अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराए ।रासस

# प्रेस चौतारी नेपालद्वारा पुरस्कार घोषणा

**काठमाडौँ ।**
प्रेस चौतारी नेपालले विभिन्न सात विधिमा पत्रकारिता पुरस्कार घोषणा गरेको छ । वरिष्ठ पत्रकार गोविन्द पोखरेलको संयोजत्वमा गठित पुरस्कार छनोट समितिको सिफरिसका आधारमा प्रेस चौतारीले सात विधामा पुरस्कार पाउने पत्रकारको नाम घोषणा गरेको हो ।

प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाका अनुसार हृदयचन्द्रसिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार नेपालप्रेस डटकमका प्रधानसम्पादक मातृका पौडेल (रामेछाप)लाई दिने निर्णय गरिएको छ ।

अग्निशिखा स्मृति पत्रकारिता पुरस्कार हेमन्त पौडेल (कैलाली), डा शान्ति पाण्डे प्रेस चौतारी नेपाल राष्ट्रिय महिला पत्रकारिता पुरस्कार शान्ति गुरुङ (कास्की), वीरेन्द्रकुमार साह क्रियाशील पत्रकारिता पुरस्कार लालबाबु शेख (पर्सा) र रिमा सोमै (पाल्पा)लाई प्रदान गर्ने निर्णय गरिएको उनले जानकारी दिए ।

त्यस्तै डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार टपेन्द्र कार्की (काठमाडौँ) र मालती केसी (सुर्खेत), सावित्रीदेवी–पद्मलक्ष्मी बस्नेत स्मृति पत्रकारिता पुरस्कार उषा तामाङ (दोलखा) र रोशनी कठेत (सुनसरी) तथा चन्द्र न्यौपाने–शान्तिराम कार्की स्मृति पत्रकारिता पुरस्कार गार्डेन राई (सोलुखुम्बु) र हरिश चन्द (डडेल्धुरा) लाई प्रदान गर्ने निर्णय गरिएको महासचिव लामाले उल्लेख गरे ।

उनले प्रेस चौतारी नेपालले हरेक वर्ष आफ्नो स्थापना दिवसको अवसर (२२ माघ) मा प्रदान गर्दै आएको पुरस्कार आगामी फागुन २५ देखि २७ गतेसम्म विराटनगरमा हुने १०औँ महाधिवेशनमा दिने निर्णय भएको पनि बताए ।रासस

# ‘विकास, सुशासन र समृद्धिका लागि वर्तमान सरकार गठन’

**अछाम ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय उपाध्यक्ष रामबहादुर थापाले मुलुकको विकास, सुशासन र समृद्धिका लागि वर्तमान सरकार गठन धभएको बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ अछामले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले दुई ठूला पार्टी एमाले र कांग्रेसको गठबन्धन आगामी निर्वाचनसम्म कायम रहने उल्लेख गरे ।पूर्वगृहमन्त्रीसमेत रहेका उपाध्यक्ष थापाले अछामको समग्र पक्षको विकास गर्न, पूर्वाधार निर्माणलगायत विषयमा यहाँका जनप्रतिनिधिमार्फत आफ्नो पार्टीले आवश्यक समन्वय गर्ने जानकारी दिए ।रासस

# सूर्तीजन्य पदार्थको बट्टामा घातक चित्र छाप्नुपर्ने निर्देशिका स्वीकृत

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ‘सूर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ¥यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०८१’ स्वीकृत गरेको छ ।




मन्त्रालयले उक्त निर्देशिका स्वीकृत गर्दै चेतावनीमूलक सन्देश र घातक रङ्गीन चित्र नभएका सूर्तीजन्य पदार्थ उत्पादन, खरिदबिक्री गर्न नपाउने जनाएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले निर्देशिका स्वीकृत गर्दै आगामी भदौ १ गतेदेखि सूर्तीजन्य पदार्थको बट्टामा अनिवार्य रूपमा सतप्रतिशत घातक चित्र छाप्नुपर्ने नियम कार्यान्वयनमा आएको बताउँदै सबैले उक्त नियम पालन गर्न÷गराउन समन्वय गर्नुपर्नेमा जोड दिए । स्वीकृत भएको मितिले १ सय ८० औँ दिनदेखि लागू हुने निर्देशिकामा उल्लेख छ ।

यसअघि भएको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्था थियो। विभिन्न अध्ययनले कतिपय देशमा यस्ता चेतावनीमूलक सूचनाले सूर्ती तथा चुरोट छाड्नेको सङ्ख्या वृद्धि हुने देखाएकाले नेपालमा पनि सतप्रतिशत चेतावनीमूलक सन्देश र चित्र छाप्ने व्यवस्था गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए ।

उनले नेपालमा यस्तो चेतावनीले काम गरिरहेकामा संशोधित निर्देशिकाले सूर्ती तथा चुरोटको प्रयोगकर्ता घट्ने र क्यान्सर तथा अन्य घातक रोगमा कमी आउने अपेक्षा गरिएको बताए । उनका अनुसार नेपालको तथ्याङ्क हेर्ने हो भने वार्षिक ३७ हजारको सूर्तीजन्य पदार्थको सेवनबाट ज्यान जाने गर्दछ ।

सूर्तीजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रूपमा बुझ्ने र देख्नेगरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

घातक रङ्गीन चित्र र चेतावनीमूलक सन्देशमूलक चुरोट, बिँडी, खैनी, सूर्ती र गुट्खाजस्ता सूर्तिजन्य पदार्थको भित्री र बाहिरी बट्टा, प्याकेट, ¥यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छाप्नु तथा अङ्कित गर्नुपर्नेछ ।रासस

# आयोगले पूर्णता नपाउँदा काम सुरु हुन सकेन

**झापा ।**
भूमि समस्या समाधान आयोग झापाले कार्यालय स्थापना गरे तापनि काम सुरु गर्न नसकेको जनाएको छ । जिल्ला समन्वय समिति चन्द्रगढीको माथिल्लो तलामा कार्यालय स्थापना गरिएको छ । पहिलाको आयोगले गरेको कामलाई नै निरन्तरता दिने आयोगका जिल्ला अध्यक्ष मदन अधिकारीले बताए ।

विगत एक महिना अघि सरकारले आयोगका जिल्ला अध्यक्ष नियुक्ति गरे तापनि सदस्यहरूको नियुक्ति र कर्मचारी व्यवस्थापन हुन नसक्दा काम सुरुवात गर्न नसकेको उनले बताए । उनले भने ‘विगतमा राष्ट्रिय भूमि आयोगले जहाँ पु¥याएर काम रोकिएको छ त्यहीबाट निरन्तरता दिने हामीलाई सरकारको निर्देशन छ ।’

उनले हाल भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको विगतको आयोगले गरेको काम अध्ययन गरिरहेको बताउँदै समितिले पूर्णता पाएसँगै कामलाई तीव्र रूपमा अघि बढाउने बताए । अध्यक्ष अधिकारीले जिल्लाका १५ वटै पालिकाहरूमा गरिएका कामहरूको तथ्यांक संकलन गर्ने र सो क्षेत्रको अवस्था बुझ्ने काम गरिरहेको जानकारी दिए ।

‘कार्यालय नियमित रूपमा सुरु गरियो समितिले पूर्णता पाएको छैन’, उनले भने, ‘सदस्यहरू नियुक्ति हुन र कर्मचारी व्यवस्थापन पनि बाँकी रहेको छ । अध्ययन गर्ने काम मात्र भएको छ । फिल्डमै गएर काम सुरु गर्न सकेको छैन ।’ रासस

# निमित्त प्रमुखको भरमा सरकारी कार्यालय

**लमजुङ**
लमजुङका आधादर्जन भन्दा बढी सरकारी कार्यालय निमित्त प्रमुखको भरमा सञ्चालन हुँदै आएका छन् । दरबन्दी अनुसार कार्यालय प्रमुख नहुँदा निमित्त प्रमुखको भरमा जिल्लाका सरकारी कार्यालय सञ्चालन हुँदै आएका हुन् ।

लामो समयदेखि जिल्ला कारागार, मालपोत, हुलाक, जिल्ला निर्वाचन कार्यालय, पूर्वधार विकास कार्यालय, जलस्रोत तथा डिभिजन कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अलैँची जोन कार्यालय निमित्त प्रमुखको भरमा सञ्चालित छन् । ती कार्यालयमा यहाँ चार वर्षदेखि निमित्त प्रमुखले जिम्मेवारी सम्हाल्दै आएका छन् ।

सरकारले दरबन्दी अनुसारका कर्मचारी पु¥याउन नसक्दा कार्यालय प्रमुख पद रिक्त हुँदै आएको स्थानीय बताउँछन् । दरबन्दी अनुसार सम्बन्धित कार्यालयमा कार्यालय प्रमुख पद खाली हुँदा कार्यसम्पादन र सेवा प्रवाहमा समस्या भइरहेको सेवाग्राही सुजन श्रेष्ठले बताए । उनले भने, ‘कार्यालय प्रमुख बिना प्रभावकारी र सहज रूपमा सेवा प्रवाह हुन नसक्दा सेवाग्राही मर्कामा परेका छन् । कर्मचारी कम हुँदा कामको चाप पनि बढी हुन्छ ।’

सहायक प्रमुख जिल्ला अधिकारी थम्मनसिंह गौतमका अनुसार जिल्ला मालपोत कार्यालयमा पूर्णबहादुर गुरुङ, जिल्ला हुलाक कार्यालयमा निर्मलादेवी शर्मा, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनामा हरिबहादुर मिजार, जिल्ला कारागारमा राधिका रेग्मी, जिल्ला निर्वाचन कार्यालयमा विजय विक, जलस्रोत तथा डिभिजन सिँचाइ डिभिजनमा विष्णुहरि अधिकारी, पूर्वाधार विकास कार्यालयमा विवेक सिग्देल र भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमा सुनिल न्यौपाने निमित्त प्रमुखले प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

स्वीकृत दरबन्दी संरचना अनुसार जनशक्ति पदपूर्ति हुन नसक्दा दरबन्दीभन्दा तल्लो तहका कर्मचारीलाई निमित्त प्रमुख बनाउनुपर्ने बाध्यता रहेको सहायक प्रमुख जिल्ला अधिकारी गौतमको भनाइ छ ।

सामान्यतया स्वीकृत दरबन्दी अनुसारको जनशक्ति आवश्यक हुने भन्दै उनले भने,’दरबन्दी अनुसारको प्रमुख वा जनशक्ति भएमा दैनिक सेवा प्रवाहमा सहजता ल्याउँछ ।’

निमित्त प्रमुखको भरमा कार्यालय सञ्चालन हुँदा प्रमुख भएको जस्तो प्रभावकारी नहुने र यसले जिल्लाको विकासमा पनि असर गर्ने सहायक प्रमुख गौतमले बताए ।

मालपोत कार्यालका निमित्त प्रमुख पूर्णबहादुर गुरुङले कार्यालय प्रमुख नहुँदा कार्यालयबाट गर्नुपर्ने काम,नामसारी, घरजग्गा संशोधन, आर्थिक कारोबारलगायत काम रोकिएको र सामान्य काम मात्र भइरहेको बताए । टाढाटाढाबाट आउने आएका सेवाग्राही समस्यामा पर्दै आएका उनको भनाइ छ ।रासस

# नेपालमा पहिलो पटक अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गरिँदै

**नारायण ढुङ्गाना**
सरकारले नेपालमा पहिलो पटक अभौतिक सांस्कृतिक सम्पदाको सूचिकरणका लागि आवश्यक प्रक्रिया अघि बढाएको छ । यसरी सूचिकरणको प्रक्रिया थालिएको यो पहिलो हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यविधि नै जारी गरी ती सांस्कृतिक सम्पदाको सूचीकरणका लागि काम थालेको हो ।

अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी ऐन नभएकाले ऐन निर्माण प्रक्रिया पनि थालिएको छ ।

मन्त्रालयका सांस्कृतिक महाशाखा प्रमुख डा सुरेश सुरज श्रेष्ठले पहिलो पटक सूचीकरणका लागि आवेदन आह्वान गरिसकेको जानकारी दिए । उनले यो युनेस्कोमा लैजानका लागि पहिलो प्रयास पनि भएको बताए । युनेस्कोको सन् २००३ को ‘कन्भेन्सन’अनुसार यस्ता सम्पादन सूचिकरण हुनुपर्छ । नेपालले अहिलेसम्म अभौतिक सम्पदाको सूचिकरण गर्न सकेको छैन । विश्व सम्पदा सूचीमा भौतिक सम्पदामात्र सूचीकरण छन् ।

डा.श्रेष्ठले भने,‘उता गर्न नसके पनि नेपालमा गरौँ, यसले युनेस्कोमा लैजानका लागि महत्वपूर्ण आधार हुन्छ भन्ने भएर यसलाई अघि बढाइएको हो, यो त्यसका लागि प्रारम्भिक अभ्यास हो’ अभौतिक सांस्कृतिक सम्पदा (सूचिकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ जारी गरी मन्त्रालयको सांस्कृतिक महाशाखाले सूचीकरणका लागि आवेदन आह्न गरिरहेको छ । आवेदन दिने मिति भने २०८२ साल वैशाख मसान्तसम्मको समयसीमा तोकिएको छ ।

कार्यविधिमा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रुपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै र अभ्यास हुँदै आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार अनुष्ठान, जात्रा पर्व, प्रकृति एवं ब्रमाण्डसम्बन्धीका ज्ञान हो भनिएको छ ।

यस्तै परम्परागत कला कौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान, सम्पदा अभ्यास कार्यान्वयन तथा अभ्यास गर्ने स्थल र स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदालाई अभौतिक सांस्कृति सम्पदामा समावेश गरिएको छ ।

मुख्य गरी यस्ता सम्पदाबारे जनमानसमा सूचित गराइ संरक्षण र विकास गर्ने, सम्बद्ध व्यक्ति, समूह वा समुदायको सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्न तथा अभिलेख राख्नका लागि राष्ट्रिय सूचिमा सूचिकरण गर्ने, सूचिकरणका लागि उत्प्रेरित गर्ने र सूचीकरण पश्चात त्यस्ता सम्पदाको संरक्षण तथा व्यवस्थापनमा प्रोत्साहन गराउने उद्देश्य रहेको छ ।

संघीय मन्त्रालयका साथै यस्ता सम्पदाको स्थानीय र प्रदेश मन्त्रालयले पनि आफ्नो क्षेत्रभित्रमा सूचीकरण गर्न सक्ने कर्याविधिमा उल्लेख छ । यसरी सूचीकरणका लागि सम्बन्धित समुदायको पहिचानसँग सम्बन्धित हुनुपर्ने, व्यक्ति, समूह र समुदायको सहमति हुनुपर्ने, उनीहरुको जीवनको महत्वपूर्ण अङ्ग भएको हुनुपर्ने, निरन्तर अभ्यास हुँदै आएको र पुस्तान्तरणको प्रतिबद्धता व्यक्त गरिएको तथा सम्पदामाथि गम्भीर खतरा आइपरेको र तत्काल संरक्षण नगरी नहुने अवस्था रहेको एवं सम्बद्ध व्यक्ति, समुदाय र पक्षले प्रयास गर्दागर्दै पनि गम्भीर जोखिमा परी तत्कालै संरक्षण गर्नुपर्ने अवस्थाको हुनुपर्ने छ ।

यस्तै सोही कर्याविधिको दफा २ को खण्ड (क)मा समावेश सम्पदा हुनुपर्ने जनाइएको छ । यसरी सूचीकरण गर्न सम्पदाको पूर्ण विवरण, कार्यविधिको अनुसुची ४ मा तोकिएको ढाँचा, सम्पदाको फोटो, अडियो तथा भिडियो (अनुसूची ३ मा तोकिएअनुसार)को हुनुपर्ने छ । यस्तै हालसम्मको पुस्तान्तरणसम्बन्धीको आवश्यक विवरण, सम्बन्धित स्थानीय तहको सिफारिस, स्थानीय तहमा सूचिकरण भएको भए सोको प्रमाण समावेश हुनुपर्ने जनाइएको छ ।

यसरी तोकिए बमोजिम आएको निवेदनउपर मन्त्रालयले गठन गरेको मूल्यङ्कन समितिले मूल्याङ्कन गर्ने छ । मन्त्रालयले यसका लागि यससँग सम्बन्धित विज्ञको संयोजकत्वमा समिति गठन गर्ने छ ।

त्यसमा आदिवासी जनजाति आयोगका विज्ञ प्रतिनिधि, राष्ट्रिय समावेशी आयोगका विज्ञ प्रतिनिधि, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका विज्ञ, त्रिवि नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका प्रमुख, मन्त्रालयले मनोनयन गरेको सम्पदा विज्ञ सदस्य र मन्त्रालयको संस्कृति शाखा प्रमुख सदस्य सचिव रहने व्यवस्था कार्यविधिमा रहेको छ ।

उक्त मूल्याङ्कन समितिले आवश्यक परे विषय विज्ञलाईसमेत बोलाएर सुझाव लिन सक्ने छ । समितिले मूल्याङ्कन गरी ४५ दिनभित्रमा सिफारिस समितिमा पेस गर्नुपर्ने छ । मन्त्रालयले त्यसका लागि संस्कृति महाशाखा प्रमुख संयोजक रहेको सिफारिस समिति गठन गर्ने कार्यविधिमा उल्लेख छ ।

उक्त समितिमा भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय अभिलेखालय, पुरातत्व विभाग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सांस्कृतिक संस्थान, गुठी संस्थानका प्रतिनिधि सदस्य रहने छन् ।

मन्त्रालयको संस्कृति शाखा प्रमुख सदस्यसचिव रहने व्यवस्था छ । त्यसपछि प्रक्रिया पुगेका सांस्कृतिक सम्पदा मन्त्रालयले सूचीकरण भएको घोषणा गर्ने छ । सबै विवरण मन्त्रालयको बेभसाइटमा प्राप्त गर्न सकिने पनि जानकारी गराइएको छ ।रासस

# पर्यटकीय केन्द्र बन्दै दाङको पुरन्धरा झरना

**– नारायणी रजौरे**

पश्चिम दाङको बबई गाउँपालिका–५ मा अवस्थित पुरन्धरा झरना जिल्लाकै एक महत्वपूर्ण आकर्षक पर्यटकीय स्थल बन्न सफल भएको छ । अहिले यो झरनाको अवलोकन गर्न टाढाटाढाबाट दैनिक सयौँ मानिस पुग्न थालेका छन् ।

पैँतालीस फिट उचाइको यो झरनाबाट पानी तल खस्ने गरेको मनमोहक दृश्यले त्यहाँ पुग्ने जोकोहीलाई मन्त्रमुग्ध बनाउँछ । सोही दृश्यको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक लोभिने गरेको स्थानीयको भनाइ छ ।

तीन तिरबाट जङ्गलले घेरिएको यो ठाउँको पश्चिमतर्फ भने कलकल बग्ने बबई नदी छ । बबई नदी किनाराबाट करिब १० मिटर टाढा पूर्वतर्फ पुरन्धरा झरना आकाशबाट खसेजस्तै देखिन्छ । झरनाबाट एकतमासले बर्सिने पानी पोखरीजस्तै आकारमा तल जम्मा हुन्छ । त्यहाँबाट यो पानी बिस्तारै बबई नदीमा गई मिसिने गर्दछ । झरनाको अवलोकन गर्न पुग्ने कतिपय त्यही पानी खस्ने ठाउँमा सेल्फी खिच्न व्यस्त देखिन्छन् भने गर्मीको समयमा अवलोकन सहित पौडी खेलेर मज्जा लिनेहरुको पनि भीड लाग्ने गर्दछ ।

यतिबेला दाङका विभिन्न स्थान तथा अन्य छिमेकी जिल्लाबाट आन्तरिक पर्यटक झरनाको अवलोकनका लागि आउने गरेका झरना व्यवस्थापन समितिमा कार्यरत कर्मचारी कुलबहादुर बुढाले जानकारी दिए । बुढाका अनुसार अहिले दैनिक तीनदेखि चारसय आन्तरिक पर्यटक झरना अवलोकन तथा वनभोज खान यहाँ आइपुग्छन् ।

बिदाको दिनमा झरनाको अबलोकन गर्न आउनेको संख्या अझ बढी हुने गर्दछ । बुढाका अनुसार झरना अवलोकन गर्न आउने पर्यटकबाट व्यक्तिगत शुल्क लिने नगरे पनि सवारीसाधनबाट भने पार्किङ शुल्क लिने गरिएको छ । मोटरसाइकलको ३०, कार तथा जिपको २०० र बसको २५० निर्धारण गरिएको छ ।

विगतका वर्षमा त्यहाँ कर्मचारीको व्यवस्था थिएन । अहिले झरनाको संरक्षण तथा पर्यटकको सुविधा तथा सुरक्षाका लागि त्यहाँ कर्मचारीको व्यवस्था गरिएको छ । झरनाको अवलोकन तथा वनभोज खान आउनेले ल्याउने सवारीसाधनबाट भएको आम्दानीबाट कर्मचारीलाई तलब दिन र बाँकी रकम झरनाको विकासमा खर्च गरिने श्री बुढाले जानकारी दिए ।

झरनाको अवलोकन गर्नका लागि कोहलपुरबाट पहिलो पटक पुगेकी ४५ वर्षीया कालिका रेग्मीले यहाँ आउँदा निकै आनन्द आएको प्रतिक्रिया दिइन् । 'यो ठाउँ साँच्चिकै सुन्दर रहेछ । यहाँ केही भौतिक पूर्वाधार निर्माण गरी यसलाई पार्कको स्वरुप दिएर वरपरको वातावरण सफा राख्न सकिए अझ बढी पर्यटक आइपुग्ने देखियो ।'

दङ्गीशरण गाउँपालिका–३ रावत गाउँकी ५७ वर्षीय ज्ञानी अधिकारीले दश वर्षअघि पञ्चकुलेबाट छ घण्टा पैदल हिँडेर यो झरना हेर्न आएको विगत सम्झिन् । गत सोमबार गाडी चढेर झरना अवलोकन गरी घर फर्कदा आफूलाई त्यो पुरानो याद पुनः ताजा भएर आएको बताइन् । उनले पर्यटकका लागि खानेपानी, शौचालय लगायतका पूर्वाधारको आवश्यकता देखिएको सुनाइन् ।

तुलसीपुर, हापुरे, सुर्खेत खण्डको द्वाङ खोलाबाट करिब आठ किलोमिटर दक्षिण पचिश्ममा पर्ने सो झरनासम्म पुग्ने बाटो पक्की भए त्यहाँ बाह्रै महिना पर्यटक सजिलैसँग सवारी चढेर जान सक्नेछन् ।

झरनाबाट करिब एकसय मिटरको दूरीमा सिद्धेश्वर महादेवको मन्दिर पनि छ । यो मन्दिरमा महाशिवरात्रिमा ठूलो मेला लाग्दछ । झरना अवलोकनका लागि त्यहाँ पुगेका ज्येष्ठ नागरिक समाज दाङका अध्यक्ष खुमानन्द अधिकारीले झरनाको वरिपरिको विकासमा ध्यान दिन स्थानीय तथा लुम्बिनी प्रदेश सरकारलाई आग्रह गरे ।

उनले त्यहाँ आउने पर्यटकका लागि बबई नदीमा जलविहार, प्राकृतिक पदयात्रा, जङ्गली जनावर, चरा तथा जीवजन्तुको अवलोकन गराउन सके यहाँ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने प्रशस्त सम्भावना रहेको बताए ।

बबई गाउँपालिकाका अध्यक्ष कुलप्रसाद केसीले झरना र त्यस वरिपरि पूर्वाधार विकासका लागि आफूले गुरुयोजना बनाई कामलाई प्राथमिकतामा राखेको र यस झरनालाई जिल्लाकै एउटा प्रमुख पर्यटकीय स्थल बनाउनका लागि प्रयत्न गरिरहेको बताए ।

विगतका वर्षमा बाटो नहुँदा झरना क्षेत्रको अवलोकन वर्षायाममा गर्न सकिँदैन थियो । अहिले झरनासम्म पुग्ने बाटो ग्राभेल गरिएकाले वर्षैंभरि मोटरबाट त्यहाँ पुग्न सकिने अवस्था छ, उनले भने । रासस

# 'बाँस सम्मेलनले हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने'




**काठमाडौं ।** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बाँसले हरित अर्थतन्त्रको प्रवद्र्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान पुराउने विश्वास व्यक्त गरेका छन् ।

खोटाङको दिक्तेलमा आगामी फागुन १५, १६ र १७ गते 'प्रथम राष्ट्रिय बाँस सम्मेलन'को जानकारी दिन विहीबार काठमाडौँमा आयोजित पूर्वतयारी कार्यक्रममा गभर्नर अधिकारीले आर्थिक दिगोपनाका लागि हरित अर्थतन्त्र महत्वपूर्ण हुने धारणा राख्दै सहर केन्द्रित सम्मेलनलाई बाँस सम्मेलनले चुनौती दिएको उल्लेख गरे ।

उनले बाँससम्बन्धी विषयवस्तुमा आधारित रहेर खोटाङमा आयोजना हुने सम्मेलनले नयाँ अभ्यास गर्नुका साथै हरित अर्थतन्त्रलाई प्रोत्साहन गर्ने विश्वास व्यक्त गरे ।

अधिकारीले भने,'दैनिक जीवन बाँस उपयोगी र दिगो हुन्छ, आर्थिक दिगोपनाका लागि हरित अर्थतन्त्रलाई प्रवद्र्धन गर्न यसको भूमिका महत्वपूर्ण हुन्छ । स्वस्थ र वातावरणमैत्री हुनेगरी काम गर्न बाँस उपयोगी हुन्छ' । उनले बाँस सम्मेलनको सफलता, र उपयोग बढाउन, व्यावसायिक अभिवृद्धि, निर्यात प्रवद्र्धनलगायत क्षेत्रमा राष्ट्र बैंक र आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाए ।

पूर्वमन्त्री गणेश शाहले खोटाङको दिक्तेलमा हुने सम्मेलनले बाँसमा आधारित उद्योग प्रवद्र्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले बाँस हाम्रो धर्म, संस्कृति, परम्परा, घरेलु तथा साना उद्यमलगायत जनजीविकासँग जोडिएकाले यो बहुउपयोगी वस्तु रहेको धारणा राखे ।

त्यसैगरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशक डा राजेन्द्र केसीले बाँसलाई 'हिमालयन बाम्बो ब्रान्ड' बनाएर अन्तरराष्ट्रिय बजारमा निर्यात गर्न सकिने भएकाले सम्मेलन उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे ।

नेपालमा २३ जातिका ८१ प्रजातिका बाँस पाइन्छन्, संसारमा पाइने बाँसमध्ये नेपालमा १९ प्रतिशत पाइन्छन्, तराईदेखि पहाड र हिमालमा पनि पाइने बाँसलाई गरिबको साथी मात्रै नभई धनीहरूको सौख पूरा गर्ने वस्तुका रूपमा प्रचारप्रसार गरी यसको प्रवद्र्धनमा जोड दिनुपर्ने डा केसीको भनाइ छ । रासस

# झाडी फाडेर सुन्तला बगान



**म्याग्दी ।** कोरोना महामारी फैलिएपछि विसं २०७६ चैतदेखि भएको लकडाउनका समयमा घुम्दै म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ दोसल्ले पुगेका बेनीका व्यवसायी विकास श्रेष्ठलाई त्यही जग्गा किनेर घर र बगैचा बनाउने सोच आयो ।

बेनीमा पोल्ट्रि र घरजग्गा ब्यवसाय गर्दै आएका विकासले सोखका लागि गाउँमा घर बनाएर बस्नका लागि किनेको दोसल्ले गाउँको शिरमा रहेको जङगलछेउको भिरालो पाखोबारी अहिले हराभरा भएको छ ।

'बुढेशकालमा शान्त वातावरणमा बस्नका लागि भनेर दोसल्लेमा जग्गा किनेको थिए,' उनले भने, 'काम गर्दा गर्दै सुन्तला बगैचा पो भयो ।' रोजगारीका लागि पोर्चुगलमा रहेका जग्गाधनीका परिवार र आफन्त पोखरामा बसाईसराई गरेपछि विकासले किनेको जग्गामा रहेको सुन्तला बगैचाले स्याहार पाउन छाडेको थियो । पाखोबारी झाडीमा परिणत भएको थियो ।

श्रेष्ठले सञ्चालन गरेको अन्नपूर्ण फलफुल, तरकारी तथा कृषि फार्ममा पुराना एक सय ५० बोट सुन्तलाले मलजल, स्याहार सुसार पाएपछि उत्पादन दिन थालेका छन् । थप सात बिरुवा बगानमा हुर्किरहेका छन् ।

पाखोबारीलाई घेराबार गर्ने, गह बनाउने, खाडल खनेर सुन्तलाका बिरुवा लगाउने, गोडमेल, मलजल गर्न, संरचना बनाउन र जग्गा खरिद सहित फार्ममा तीन करोड ५० लाख रुपैयाँ लगानी भएको श्रेष्ठले बताए ।

'यसपाली १५ लाखको सुन्तला बिक्री भयो,' उनले भने, 'कृषिबाट यति राम्रो कमाई होला भनेर सोचेको थिइन्, गर्न सकेमा हुदो रहेछ भन्ने मैले महशुस र अनुभव गरे । थप चार रोपनीको बगैचा किनेर फार्म विस्तार गरेको छु ।'

दिवंगत हजुरबुवा सुर्यनारायण श्रेष्ठको जीवनबाट प्रभावित भएर कृषि ब्यवसायमा जोडिएको विकासले बताए । उनको फार्ममा तीन जनाले नियमित रोजगारी पाएका छन् । सुन्तलाखेतीसँगै उक्त फार्ममा लोकल र ब्रोइलर जातका कुखुरा पनि पालिएको छ ।

सुन्तलाका लागि कुखुराको सुलीको मल उपयोगी हुने श्रेष्ठको अनुभव छ । कृषि फार्मका लागि सरकारी निकायबाट हालसम्म अनुदान नलिएको श्रेष्ठले बताए । काठमाडौको बल्खुका ब्यापारीसँग सिधै सम्पर्क गरेर सुन्तला पठाउन थालेपछि उचित मूल्य पाएको र बजार सुनिश्चित भएको उनले बताए ।

घरजग्गा ब्यापार छाडेर कृषि ब्यवसायमा लागेका श्रेष्ठले बेनीमा दाना र चल्लाको ब्यापार गर्ने जलेश्वर पोल्ट्रि फर्म सञ्चालनको जिम्मा छोरा आदेशलाई जिम्मा लगाएका छन् । अवसर, सुविधा र रोजगारीका लागि विदेश र सहर पस्ने क्रम बढीरहेको अवस्थामा बजारबाट गाउँ गएर कृषि व्यवसाय गरेका श्रेष्ठ कृषकहरुका लागि उदाहरणको पात्र बनेका छन् ।

दोसल्लेका अगुवा कृषक खगवीर पाईजाले बेनीबाट आएर श्रेष्ठले सुन्तलाखेती सुरू गरेपछि गाउँ छाडेर गएकाहरु फर्किएर सुन्तला खेती गर्न थालेका बताए ।

'उहाँ (विकास)ले बाँझो जग्गालाई सदुपयोग मात्र गर्नुभएको छैन,' पाइजाले भने, 'गाउँमा सुन्तला खेतीका लागि नयाँ प्रविधि भिल्याउनुभएको छ । उहाँको सिको गरेर बजार झरेकाहरु गाउँ फर्किएर सुन्तला खेती गर्नुभएको छ ।'

सुन्तला खेतीका लागि जग्गा किन्न आउनेहरु बढेका र खेतबारीको भाउ पनि बढेको पाइजाले बताए । विकासको सुन्तला बगैचा अवलोकनका लागि बेनी र आसपासका ठाउँबाट कृषक तथा ब्यवसायीहरु आउने गरेका छन् । उक्त बगैचाबाट पृष्ठभूमिमा निलगिरि र धौलागिरि हिमाल देखिन्छ । बगैचाको बिच भागमा पाहुना र आफु बस्नका लागि घर बनाएका श्रेष्ठको फार्मलाई कृषि पर्यटनसँग जोड्ने योजना छ ।

समुन्द्रि सतहदेखि एक हजार पाँच सय मिटरको उचाईमा रहेको दोसल्लेका कृषकले सुन्तला खेतीलाई मुख्य आयस्रोत बनाएका छन् । यहाँ रहेका ४२ घरपरिवार सबैले सुन्तला खेती गरेका दोसल्ले सुन्तलाजात कृषक समूहका अध्यक्ष प्रेम पाइजाले बताए । गत वर्ष ८० लाख रुपैयाँको सुन्तला बिक्री भएको दोसल्लेबाट यसपाली एक करोड ८० लाख रुपैयाँ मूल्य बराबरको सुन्तला फलेको उनले बताए । रासस

# गाजाबाट 'स्वैच्छिक' प्रस्थानको योजना बनाउन आदेश

**जेरुसेलम ।** इजरायली रक्षामन्त्री इजरायल काट्जले बिहीबार सेनालाई प्यालेस्टिनीहरूलाई गाजा छोड्न दिने योजना तयार गर्न आदेश दिएको बताएका छन् । 'मैले आइडिएफ (सेना) लाई गाजाका बासिन्दाहरूलाई स्वेच्छिक प्रस्थान गर्न सक्षम बनाउने योजना तयार गर्न निर्देशन दिएको छु', उनले एक विज्ञप्तिमा भने ।

उनी सेनालाई 'कुनै पनि गाजाका बासिन्दालाई स्वीकार गर्न इच्छुक कुनै पनि देशमा जान चाहने जो कोहीलाई पनि त्यसो गर्न दिने' तयारी गर्न भनेको स्पष्ट पारे । 'यस योजनामा भूमि नाकाहरूमार्फत बाहिरिने विकल्पहरूका साथै समुद्र र हवाई मार्गबाट प्रस्थानका लागि विशेष व्यवस्थाहरू समावेश हुनेछन्', काट्जले भने ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'गाजापट्टी कब्जा गर्ने' योजना जारी गरेपछि यो टिप्पणी आएको हो । ट्रम्पको उक्त टिप्पणीले विश्व नेताहरूको आलोचना र उहाँको प्रशासनद्वारा ती टिप्पणीहरूलाई फिर्ता लिने प्रयासहरू निम्त्याएको थियो ।

काट्जले 'गाजाको ठुलो जनसङ्ख्यालाई विश्वभरका विभिन्न स्थानहरूमा पुनस्थापित गर्न सक्ने ट्रम्पको साहसी योजनालाई' स्वागत गरेको बताए ।

यो योजनाले छोड्न चाहने गाजावासीहरूलाई 'आश्रयदाता देशहरूमा उत्कृष्ट रूपमा एकीकृत हुन र साथै निःशस्त्रीकृत, खतरामुक्त गाजाको पुनर्निर्माण कार्यक्रमहरूको प्रगतिलाई सहज बनाउन' मद्दत गर्नसक्ने उनले बताए ।

इजरायलका अति दक्षिणपन्थी अर्थमन्त्री बेजलेल स्मोट्रिचले काट्जको कदमको प्रशंसा गरेका छन् ।

'आप्रवासन योजनामा हाम्रो भूमिकाको कार्यान्वयनका लागि तयारी गर्न र गाजालाई प्राप्त गर्ने देशहरूमा प्रस्थान गर्न सजिलो बनाउन (इजरायली सेना) लाई निर्देशन दिने रक्षामन्त्रीको निर्णयलाई म स्वागत गर्दछु', स्मोट्रिचले विज्ञप्तिमा भने । रासस

# मेलामार्फत लोक संस्कृति संरक्षण गरिँदै

**पाल्पा ।** कला, संस्कृति मानव जीवनका सिकाइ भएकाले पाल्पामा लोक संस्कृति संरक्षण गर्न थालिएको छ । कला, संस्कृति संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले रामपुर महोत्सव तथा व्यापार मेलाको आयोजना गरी लुकेर रहेका प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गरिएको हो ।व्यक्तिभित्र लुकेर रहेका कला, संस्कृतिलाई उजार गर्न रामपुर मेलाले एउटा अवसर सिर्जना गरेको स्थानीय बताउँछन् । यही माघ १५ गतेदेखि सुरु भई २७ गतेसम्म सञ्चालन हुने 'चौँथो रामपुर महोत्सव तथा व्यापार मेला'मा लोकदोहोरी प्रतियोगितामार्फत लुकेर रहेका प्रतिभालाई अवसर प्रदान गरिएको हो । लोकदोहोरी प्रतियोगिताको उपाधि नमस्ते होटल पाल्पाको समूहले हात पारेको छ । दोहोरीको अन्तिम प्रतिस्पर्धामा राष्ट्रिय लोक तथा गीत प्रतिष्ठान पाल्पालाई पछि पार्दै नमस्ते होटेलले उपाधि जित्दै नगद ५१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेको छ ।

नमस्ते होटलको तर्फबाट दिपेन्द्र पौडेल र सीता भण्डारीले प्रतियोगितामा सहभागी भई प्रतिस्पर्धामार्फत उपाधि हात पारेको दोहोरी गीत प्रतियोगिताका संयोजक एवं राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान केन्द्रिय अध्यक्ष नारायण खनाल 'लेकाली' ले जानकारी दिरे ।

उपविजेता समूह बनेको राष्ट्रिय लोक तथा गीत प्रतिष्ठानले नगद ३१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेको छ । यस समूहमा सुमन थापा र सीमा सारुले प्रतिनिधित्व गरेको थियो ।

पृथ्वी टेलिभिजन रामपुर र होटल श्रीनगर रामपुरले समान अङ्क प्राप्त गर्दै तृतीय स्थान ओगट्दै प्रतिसमूह नगद २१ हजार एक सय ११ र प्रमाणपत्र प्राप्त गरेका छन् । पृथ्वी टेलिभिजनको तर्फबाट तोयानाथ विक र विपना खनाल तथा श्रीनगर होटलबाट विष्णु आजात र भुवन अधिकारीले प्रतिनिधित्व गरेको थियो । प्रतियोगितामा आठ समूहको सहभागिता थियो । राष्ट्रिय लोक तथा गीत प्रतिष्ठान स्याङ्जाका सुदिप सापकोटा उत्कृष्ट गायक र चापाकोटका मनिषा पोखरेल उत्कृष्ट गायिका घोषित भएको छ । लोकदोहोरीका नयाँ प्रतिभाहरूको खोजी, प्रतिभा प्रस्फुटन र मौलिकताको संरक्षण गर्न प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ । लोकदोहोरी गीतको मौलिकतालाई जोगाउन र प्रवद्र्धन गर्न प्रतियोगितात्मक कार्याक्रम आयोजना गरिएको रामपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले बताए । 'आधुनिकतासँगै युवा पुस्तामा लोकदोहोरीको महत्व घट्दै जाँदा यसको मौलिकता हराउँदै जान थालेकाले संरक्षण र प्रवद्र्धन गर्न यहाँ प्रतियोगिताको आयोजना गरिएको हो । यस कार्यक्रमबाट कला, संस्कृतिमा रुचि भएका नवकलाकार उत्पादन हुनुभएको छ', उनले भने । यस्ता प्रतियोगितात्मक कार्यक्रमले लोकदोहोरी गीतको परम्परागत मौलिक संस्कृतिको जगेर्ना गरी नयाँ प्रतिभा उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अध्यक्ष ढकालले विश्वास व्यक्त गरे । आधुनिकतासँगै लोकदोहोरीको मौलिक भाका लोप हुन थालेकाले मौलिकता जोगाउन र युवा पुस्तालाई आकर्षित गर्न मेला, महोत्सवले सहयोग पु¥याउने उनको भनाइ छ ।

आमनेसामने भएर दोहोरी गाउने चलन छ । यसमा माया, प्रेम, हाँसो, रोदन, मिलन, विछोड जस्ता विषय समेटेर दोहोरीमा गाउने गरिन्छ । गाउँघरमा हुने दोहोरी प्रतियोगिताबाट धेरै नयाँ कलाकार जन्मेका छन् । ठट्यौली परामा गाउने दोहोरीले धेरैको मन तानिरहेको हुन्छ । लोक संस्कृतिले मानव जीवनको गाथा, व्यथालाई बोलिरहेको हुन्छ । रासस

# माध्यमिक तहमा स्वास्थ्य विषय अनिवार्य

**काठमाडौँ ।**
सरकारले माध्यामिक तह (कक्षा ९–१०) मा स्वास्थ्य विषयलाई पुनः अनिवार्य बनाउन गृहकार्य अगाडि बढाएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप विसं २०७६ कार्यान्वयनमा आएसँगै विसं २०८० देखि कक्षा ९ र १० को पाठ्यक्रमबाट ‘अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा’ हटाइएको थियो । ऐच्छिक भएसँगै यो विषय अधिकांश सामुदायिक विद्यालयको रोजाइमा पर्न सकेको छैन । यही बीचमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य विषयलाई पुनः अनिवार्य बनाउन छलफल अगाडि बढाएका हुन् । पछिल्ला समय नयाँ नयाँ सङ्क्रामक रोग, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, नसर्ने रोगको जोखिम उच्च हुँदै गएको एवम् दिगो विकास लक्ष्यहरूमध्ये ३, ४ र ५ हासिल गर्नसमेत यस विषयलाई अनिवार्य बनाउनुपर्नेमा दुवै मन्त्रालय एकमत देखिएका छन् ।

स्वास्थ्य विषय अनिवार्य पठनपाठन गरिँदा विशेषगरी यौन तथा प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन, एचआइभी÷एड्स सङ्क्रमण नियन्त्रण, परिवार व्यवस्थापन, लैङ्गिक हिंसा न्यूनीकरण, आमा तथा नवजात शिशु मृत्युदरमा कमी, बालविवाह न्यूनीकरण, बृहत्तर यौनिकता शिक्षाका लागि कोसेढुङ्गाका रूपमा काम गरेको बुझाइ छ । स्वास्थ्यका प्रमुख सूचाङ्कमध्ये नेपालले आमा तथा नवजात शिशु मृत्युदरमा उल्लेख्य सुधार गरेको जनाउँदै अन्तरराष्ट्रिय पुरस्कारसमेत प्राप्त गरेको थियो तर स्वास्थ्य मन्त्रालयका अनुसार नेपालका कुल ३५ प्रतिशत किशोरीहरूको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको छ ।

यसैगरी, विवाहको कानुनी उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाहरूको १० देखि १८ वर्षको उमेरमा र ७६ प्रतिशतको २० वर्षको उमेरमा विवाह भएको पाइन्छ । नेपालमा १५–१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा वा गर्भवती भइसकेका हुन्छन् । यसमा सानै उमेरमा विवाह, परिवार नियोजनका साधनमा पहुँच नहुनु, यौन तथा प्रजनन स्वास्थ्य तथा बृहत् यौनिकता शिक्षाको कमी देखिन्छ । शिक्षामन्त्री विद्या भट्टराई र स्वास्थ्यमन्त्री प्रदीप पौडेलबीच यही पृष्ठभूमीमा स्वास्थ्य विषयलाई फेरि अनिवार्य बनाउनुपर्ने विषयमा छलफल प्रारम्भ भएको छ ।

उहाँहरूबीच गत पुस २४ गते स्वास्थ्य मन्त्रालयमा भएको भेटवार्तामा स्वास्थ्य विषयलाई अनिवार्य बनाउने र यसका लागि संयुक्त कार्यदल गठन गरेर काम अगाडि बढाउने कुराकानी भएको जनाइएको छ । शिक्षामन्त्री भट्टराईले भने, ‘पाठ्यक्रम विद्यालय शिक्षाको ‘मोडालिटी’ हो । यस्ता पाठ्यक्रमले ज्ञानको भोक त जगाउनु पर्छ नै समाजमा देखिएका समस्यालाई निराकरण गर्न सहयोगी बन्नुपर्छ ।

त्यसैले हामीले स्वास्थ्य विषयलाई पुनः अनिवार्य बनाउन छलफल चलाएका छौँ ।’ उनले पाठ्यक्रम विकास मूल्याङ्कन परिषद्को गत पुस २४ मा सम्पन्न बैठकमा समेत यस विषयमा विभिन्न कोणबाट उठान भएको जानकारी दिए ।

स्वास्थ्यमन्त्री पौडेल नसर्ने रोग, यौन तथा प्रजनन स्वास्थ्यलाई सम्बोधन गर्न पनि स्वास्थ्य शिक्षालाई परिमार्जनसहित अनिवार्य गर्न आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, ‘स्वास्थ्य क्षेत्रमा नेपालले प्राप्त गरेका उपलब्धिलाई जोगाउँदै थप सुधार गर्न स्वास्थ्य शिक्षालाई अनिवार्य गर्ने विषयमा शिक्षामन्त्रीसँग कुराकानी भएको छ । कार्यदल बनाएर काम गर्ने कुरा भएको छ ।

एक विद्यालय एक नर्स कार्यक्रमका साथमा स्वास्थ्य विषय अनिवार्य गरिँदा थप उपलब्धि हासिल हुने सम्भावना देखेका छौँ ।’

मन्त्रालयका प्रवक्त डा प्रकाश बुढाथोकीले स्वास्थ्य विषय अनिवार्य गरिँदा मातृ तथा शिशुमृत्युदर, एचआइभी÷एड्स सङ्क्रमण, सरुवा रोग नियन्त्रण, स्वास्थ्य सचेतनालगायत स्वास्थ्य सूचाङ्कमा सुधार हुँदै गएको स्मरण गरे । उनले भने, ‘स्वास्थ्य शिक्षामा अझ धेरै काम गर्नुपर्छ । स्वास्थ्य विषय अनिवार्य गरेर विद्यालय तहदेखि नै बृहत्तर यौनिकता शिक्षा, नसर्ने रोग, विपद्बारे जानकारी, जोगिने तरिका, मानसिक स्वास्थ्यका विषयमा सचेतना गर्न आवह्यक देखिन्छ । यसका लागि मन्त्रालयले पहल गर्छ ।’




## किन आवश्यक छ बृहत् यौनिकता शिक्षा ?

अध्ययनका अनुसार बृहत् यौनिकता शिक्षाको अभावमा किशोरकिशोरी तथा युवाको कम उमेरमै विवाह हुने, छिट्टै सन्तान जन्माउने, जन्मान्तरको समय न्यून हुने, दीर्घकालीन यौन तथा प्रजनन स्वास्थ्यका समस्या हुने गर्दछन् । यसैगरी सुर्ती तथा सुर्तीजन्य पदार्थ, लागुपदार्थको प्रयोग बढ्ने, असुरक्षित यौनसम्पर्क, अनिच्छित गर्भधारण, असुरक्षित गर्भपतन, एचआइभीलगायत अन्य यौनजन्य सङ्क्रमण र यौन अपराधजस्ता समस्या हुने गर्दछ ।

सरकारले त्यस्ता समस्या एवम् किशोरकिशोरीको समग्र विकास गर्न राष्ट्रिय कार्ययोजना तथा राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकास रणनीति २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ । साथै, नेपालले सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको ‘जनसंख्या र विकास’ सम्बन्धी सम्मेलनको कार्यनीतिमा हस्ताक्षर गरेलगत्तै यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरूमा प्रतिबद्धता जनाइसकेको छ । स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच तथा प्रतिकारात्मक सूचना तथा शिक्षामा जोड दिन राष्ट्रिय प्रजनन स्वास्थ्य रणनीति अवलम्बन गरिसकेको छ ।

दिगो विकासका लक्ष्य पूरा गर्नमा बृहत् यौनिकता शिक्षासम्बन्धी यस्ता प्रयास र कार्यक्रमले सकारात्मक भूमिका निभाउने विज्ञहरूको ठम्याइ छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) मा बृहत् यौनिकता शिक्षासँग सम्बन्धित लक्ष्य कार्यान्वयन गर्ने केही उद्देश्य राखिएका छन् । यसअघि विद्यालय क्षेत्र विकास योजना विसं २०७३/७४–२०७९/८० ले विद्यार्थीहरूको गोपनीयता र महिनावारी स्वच्छ व्यवस्थापनसम्बन्धी आवश्यकताहरू पूरा गरेर सहभागितालाई सुदृढ गर्ने र किशोरकिशोरीहरूको विद्यालय छाड्ने दरलाई घटाउने लक्ष्य राखेको थियो ।

शिक्षा मन्त्रालयले पनि विद्यालयको पाठ्यक्रममा बृहत् यौनिकता शिक्षाका विषयवस्तुलाई समयानुसार परिमार्जन र समावेश गर्दै लगिरहेको छ । शिक्षा तथा मानवस्रोत केन्द्रका अधिकृत सविता दङ्गालका अनुसार कक्षा ४–८ का पाठ्यक्रममा बृहत् यौनिकता शिक्षाका विषयवस्तुहरू अनिवार्य स्वास्थ्य, शारीरिक र सृजनात्मक कला विषयमा समावेश गरिएका छन्भने कक्षा ९–१२ का पाठ्यक्रममा ऐच्छिक स्वास्थ्य र शारीरिक शिक्षामा समावेश गरिएका छन् ।

हाल कक्षा ९ र १० मा ऐच्छिक स्वास्थ्य र शारीरिक शिक्षा विषय राखिएको भए पनि विसं २०८० देखि अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषय भने हटेको छ, जसका कारण ठूलो संख्यामा किशोरकिशोरी तथा युवाहरू बृहत् यौनिकता शिक्षाको पहुँचबाट वञ्चित हुने चुनौती थपिएको छ । उनी भन्छन्, ‘अनिवार्य विषयको भार विद्यार्थीलाई धेरै भएका कारण माध्यमिक तहमा स्वास्थ्य विषयलाई ऐच्छिक बनाइएको हो । अब पुनः अनिवार्य बनाउन शिक्षा र स्वास्थ्य मन्त्रालयबीच कुराकानी भइराखेको छ ।’

अर्कोतर्फ हालको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु युवायुवतीको आवश्यकताअनुरूप अपुग भएको, प्रभावकारी नभएको र शिक्षकलाई सहजीकरण गर्न गाह्रो भएको जनाइएको छ । त्रिवि, शिक्षाशास्त्र सङ्काय, स्वास्थ्य तथा जनसंख्या विभागका प्रमुख प्राडा भगवान् अर्याल भन्छन्, ‘कक्षाकोठमा सामान्यतया व्याख्यानमा आधारित र गैर–सहभागितापूर्ण शिक्षण सिकाइ हुने गर्दछ ।

जसले गर्दा धेरै विद्यार्थीहरूका लागि यौनिकताजस्ता विषयमा सिकाइको वातावरण असहज छ । यो संवेदनशील विषय भएकाले धेरै शिक्षक नकारात्मक सामाजिक मान्यताबाट प्रभावित हुने गर्दछन् । शिक्षक र विद्यार्थीमा रहेको सङ्कोचका कारण पाठ्यक्रममा भएका अधिकांश विषयवस्तुहरू पनि कक्षामा शिक्षण हुँदैनन् ।’

आधारभूत तथा माध्यमिक तहका पाठ्यक्रममा यौनिकता विषयलाई प्रभावकारी रूपमा समावेश गरिएको खण्डमा यौन सङक्रमण न्यूनीकरण हुने, यौनिक र लैङ्गिक हिंसाको रोकथाम हुने, र विवाह गर्ने औसत उमेर वृद्धि भई मातृ मृत्युदर र प्रजनन दरमा कमी आउने हुँदा यस शिक्षाले दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य नम्बर ३, ४ र ५ हासिल गर्न सहयोग पुग्ने उनको विश्वास छ ।

अर्कोतर्फ मधेश प्रदेश, लुम्बिनी र कर्णाली प्रदेशले बृहत् यौनिकता शिक्षालाई स्थानीय पाठ्यक्रममा समावेश गर्न सुरुआत गरिसकेका बताइएको छ । स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहाल पौडेल भन्छिन्, ‘यौन र यौनिकतासित सम्बन्धित ज्ञान समयमै बालबालिकालाई बुझाउन आवश्यक छ । यो बुझाउने माध्यम भनेको पाठ्यक्रममा समावेश गरेर नै हो ।

शिक्षकलाई पनि सक्षम बनाउनुपर्छ । दिगो विकास लक्ष्यलाई हासिल गर्ने शिक्षा र स्वास्थ्यका धेरै ‘इन्डिकेटर’ छन् । त्यसमा यसले योगदान गर्छ ।’

नेपाल परिवार नियोजन सङ्घका कार्यकारी निर्देशक डा प्रवीण शाक्य विद्यालय तहमा बालबालिका, किशोरकिशोरीलाई दिइने स्वास्थ्य शिक्षाले समग्र परिवार, समाज र देशलाई सकारात्मक प्रभाव पार्ने बताउँछन् । उनी भन्छन्, ‘अझै परिवार नियोजनको पहुँच, सुरक्षित गर्भपतन सेवा, एचआइभी सङ्क्रमण र कम उमेरमा विवाह हुने प्रतिशतमा नेपालले खासै सुधार गर्न सकेको छैन ।

यस्तो अवस्थामा विद्यालयको पाठ्यक्रमलाई समावेशी, मित्रवत् र लैङ्गिक रूपमा सबै समुदायलाई समेट्ने गरी बनाइनुपर्छ । यसका लागि सङ्घले राष्ट्रसङ्घीय जनसंख्या कोष (युएनएफपिए) को सहयोगमा यौनिकता शिक्षालाई पाठ्यक्रममा समावेश गर्न पैरवी एवम् शिक्षकलाई तालिममा सहयोग गर्दै आएको छ । साथै शिक्षा र स्वास्थ्य मन्त्रालयका विभिन्न निकायका व्यक्तिसँग यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई समेटिने गरी मित्रवत् पाठ्यक्रम बनाउन निरन्तर पैरवी गर्दै आएको छ ।’

कार्यकारी निर्देशक डा शाक्यले किशोरकिशोरीहरूलाई उमेर अनुसारको सूचना, शिक्षा तथा सिकाइ प्रदान गर्न अन्तरराष्ट्रिय परिवार नियोजन महासङ्घको सहयोगमा बृहत् यौनिकता शिक्षाका कार्यक्रमहरू सञ्चालन भइरहेका बताए ।

युएनएफपिएका कार्यक्रमविज्ञ अभिराम रायले बृहत्तर यौनिकता शिक्षा जीवनोपयोगी शिक्षा भएकाले यसलाई थप प्रवद्र्धन गनुपर्ने खाँचो औँल्याए । ‘बालविवाह र महिला हिंसा अन्त्य गर्न, अनिच्छित गर्भधारण रोक्न, परिवार योजनालाई व्यवस्थित बनाउन बृहत्तर यौनिकता शिक्षाले कोसेढुङ्गाको काम गर्छ’, उनले भने ।

पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत कमलप्रसाद मिश्रले विद्यालय तहका बृहत्तर यौनिकता शिक्षाले समग्र स्वास्थ्य शिक्षामा सकारात्मक प्रभाव देखिएको बताए । यसकारण सामाजिक मूल्य–मान्यता र संस्कृतिको अनुकूल हुनेगरी राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई पूर्ण र सबल बनाउनुपर्ने उनको धारणा छ । रासस

## स्वास्थ्य शिक्षाभित्र बृहत् यौनिकता शिक्षा

युएनएड्सले सन् २००६ मा गरेको अध्ययनअनुसार बृहत् यौनिकता शिक्षाले ढिलो उमेरमा यौनसम्पर्क राख्ने र अन्य गर्भनिरोधकको प्रयोग बढाउने कुरालाई प्रमाणित गरेको पाइएको छ । यस्तै, लागुऔषध प्रयोगमा कमी र स्वास्थ्य सेवाको प्रेषण संख्यामा वृद्धि, लैङ्गिक हिंसा, लाञ्छना र भेदभावसमेत न्यूनीकरण भएको पाइएको छ । युनेस्कोले सन् २००८÷०९ मा गरेको यौनिकता शिक्षाले यौनिक व्यवहारमा पारेको प्रभाव अध्ययनको पुनरावलोकनमा भनिएको छ, ‘यौनिकता शिक्षाको प्रभावले ढिलो उमेरमा यौनसम्पर्क सुरुआत गर्ने ३७ प्रतिशत, यौन सम्पर्क गर्ने संख्या घटाउँदै लग्ने ३१ प्रतिशत, यौन जोडीको संख्या घटाउनेमा ४४ प्रतिशत, कन्डम तथा गर्भनिरोधका साधन अपनाउने ४० प्रतिशत, यौनिकतासम्बन्धी कुनै पनि जोखिम लिन नचाहने ५३ प्रतिशतले वृद्धि भएको पाइएको थियो ।’

युनेस्कोले सन् २०१६ मा बृहत् यौनिकता शिक्षाले बालबालिका, किशोरकिशोरीलाई सक्षम बनाउन निर्वाह गरेको भूमिकाको विषयमाथि गरेको विश्वव्यापी समीक्षामा अधिकांश देशले बृहत् यौनिकता शिक्षाको अवधारणालाई प्राथमिकता दिँदै यसको सक्रिय कार्यान्वयनमा जोड दिनुपर्ने औँल्याएको थियो ।

सही र उपयुक्त ज्ञान प्राप्त गर्न, सकारात्मक मनोवृत्ति र सीपहरू विकास गर्न, मानव अधिकार, लैङ्गिक समानता र विविधताको सम्मान गर्न, सुरक्षित, स्वस्थ र सकारात्मक सम्बन्धमा योगदान गर्ने मनोवृत्ति तथा सीपहरूसहित सकारात्मक मूल्यहरू विकास गर्न यौनिकता शिक्षाले सहयोग पुग्ने सो समीक्षाले सुझाव दिएको थियो ।



**चरण क्षेत्रबाट गोठ फर्किदै गाईवस्तुः** सर्लाहीको हरिपुर नगरपालिका–१, जानकीनगरस्थित वन चरन क्षेत्रबाट गोठतर्फ फर्किदै गरेका गाईवस्तु । पछिल्लो समय व्यावसायिक पशुपालनतर्फ किसानको आकर्षण बढ्दो छ । तस्बिरः सिङ्गबहादुर थापा/रासस

# ‘संसद्को चालु अधिवेशनबाट सङ्घीय निजामती ऐन कार्यान्वयनमा आउने’

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले सङ्घीय निजामती सेवासम्बन्धी विधेयक चालु संसद् अधिवेशनबाट पारित भएर ऐनका रूपमा कार्यान्वयनमा आउने बताएका छन् ।

बिहीबार वीरगंजमा आयोजित नेपाल निजामती कर्मचारी सङ्गठन पर्साको १२औँ जिल्ला अधिवेशनमा मन्त्री गुप्ताले यही अधिवेशनबाट उक्त ऐन जारी हुनेमा विश्वस्त रहन सबैलाई आग्रह गरे । ‘चालु अधिवेशनबाट सङ्घीय निजामती सेवा ऐन जारी हुनेछ’, मन्त्रीले भने, ‘ट्रेड युनियनको अधिकारसहित समयसापेक्ष रूपमा कर्मचारीको पक्षमा ऐन कार्यान्वयनमा आउने छ ।’ उनले आफ्नो कार्यकालमा सङ्घीय निजामती सेवासम्बन्धी विधेयक स्वीकृत भएर कानुनी रूप लिने दाबी गरे ।‘उक्त विधेयकमा परेका एक हजार पाँच सय ८३ संशोधनका प्रस्तावबाट स्वीकृत भएर विभिन्न निजामती कर्मचारीका सङ्घसङ्गठन, ट्रेड युनियन र लोकसेवा आयोगलगायत सरोकार भएका निकायसँग छलफल गरी अन्तिम चरणमा पुगेको छ’, मन्त्री गुप्ताले भने, ‘प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी विधेयकको दफाबार छलफल गरिरहेको छ ।

समितिको पहिलो बैठकबाट विधेयकको तीन वटा दफा सर्वसहमत रूपमा स्वीकृत पनि गरिसकेका छौं ।’ मन्त्री गुप्ताले सङ्घीय निजामती सेवा ऐनमा ट्रेड युनियनको अधिकारलाई पनि उच्च प्राथमिकतामा राख्न लागिएको जानकारी दिँदै राष्ट्रसेवक कर्मचारी स्थायी सरकार रहेकाले कर्मचारीको हकहित र सुरक्षाका लागि आवश्यक पहलकदमी गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# कोटी होम महायज्ञ विधिवत शुभारम्भ

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको बिश्रामपुर गाउँपालिका वडा नम्बर ५, ईटियाहीमा श्री शिवशक्ति कोटी होम महायज्ञको बिहीबार विधिवत रूपमा शुभारम्भ गरिएको छ । महायज्ञ मूल समितिको आयोजनामा सम्पन्न उद्घाटन समारोहमा गाउँपालिका अध्यक्ष जुल्फकार अली भुट्टो (जुबेर भाई), महायज्ञ मूल समितिका अध्यक्ष शिव शंकर प्रसाद यादव, वडा नम्बर ५ का अध्यक्ष अमिरी गुप्ता र वडा नम्बर २ का अध्यक्ष मनोज यादवले संयुक्त रूपमा रिबन काटेर महायज्ञको उद्घाटन गरेका हुन् । प्रचार प्रसार समितिका संयोजक राज सर्राफका अनुसार महायज्ञको पूजा आराधनामा १५ जोडी श्रीमान–श्रीमती जजमानको रूपमा सहभागी भएका छन् । महायज्ञ लगातार २२ दिनसम्म सञ्चालन हुने बताइएको छ । महायज्ञमा सुरक्षालाई ध्यानमा राख्दै ९ ओटा सिसिटिभी क्यामेरा र २०० भन्दा बढी स्वयंसेवक परिचालन गरिनेछ। आयोजकका अनुसार महायज्ञ मधेश प्रदेशकै ठूलो धार्मिक कार्यक्रम हो, जसको अनुमानित लागत १ करोड ३० लाख रुपैयाँ रहेको छ ।

बालबालिकाका लागि टावर झुला, मौतका कुवा, सर्कस, नाव झुला, डान्सिङ झुलाजस्ता मनोरञ्जनात्मक व्यवस्था गरिएको छ भने वृन्दावनबाट आएका कलाकारहरूले रामलीला र रासलीलाजस्ता धार्मिक कार्यक्रम प्रस्तुत गर्नेछन् । महायज्ञ मूल समितिका अध्यक्ष शिव शंकर प्रसाद यादवले धार्मिक तथा सामाजिक सहकार्यको उदाहरणका रूपमा महायज्ञलाई सफल बनाउन सबै भक्तजनलाई सहभागिताका लागि आग्रह गरे । कार्यक्रममा गाउँपालिका उपप्रमुख प्रियंका देवी, स्थानीय बुद्धिजीवी, नागरिक समाज, अगुवा कार्यकर्ता, पदाधिकारी तथा भक्तजनहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । आयोजकहरूले सबै भक्तजनलाई यस पुण्य कार्यमा सहभागी भई सहयोग गर्न अपिल गरेका छन् ।

# कमला खोलाको दोहन रोक्न मुख्यमन्त्री सिंहद्वारा छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले कमला खोलाबाट जथाभाबी नदीजन्य पदार्थ उत्खनन गरी चोरीनिकासी भइरहेको सूचनाका आधारमा जिल्लाको गणेशमान चारनाथ नगरपालिका–७ स्थित पोर्ताहा क्षेत्रमा छापा मारेका छन् । नदीजन्य पदार्थको अवैध तथा अनाधिकृत दोहनले पारिस्थितिकीय प्रणाली र जैविक विविधतामा प्रतिकूल असर परिरहेको, मधेशको उर्वर भूमि मरुभूमिमा परिणत भइरहेको र सरकारलाई प्राप्त हुनुपर्ने राजस्व गुमिरहेको भन्दै प्रदेश सरकारका तर्फबाट त्यसविरुद्ध छापा गरिएको उनले बताए । राष्ट्रिय वनक्षेत्र र सामुदायिक वन क्षेत्रमा रहेका खोलाबाट अवैध तथा अनुचित रूपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन भइरहेको, अन्य ठाउँमा अनाधिकृत रूपले नदीजन्य पदार्थको दोहन भइरहेको खबर प्राप्त भएपछि मुख्यमन्त्री सिंहसहित जिल्लाका सुरक्षा अधिकारीको टोलीले बुधबार राति १२ बजेदेखि ३ बजेसम्म त्यस क्षेत्रमा छापामार गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक बरुण सिंहले मुख्यमन्त्री सिंहको अगुवाइमा छचापा मार्ने क्रममा नदीजन्य पदार्थ ओसारपसार गरिरहेका १३ ट्याक्टर, दुईवटा बकेट र पाँच जना चालकलाई नियन्त्रणमा लिइएको जानकारी दिए । मुख्यमन्त्री सिंहसहितको टोली पूर्वपश्चिम राजमार्गको उत्तरतर्फका वन क्षेत्रभित्रको खोलामा मध्यरात पुग्दा दोहन गरिरहेका स्काइभेटर, ट्याक्टर र बकेट तथा त्यसमा संलग्न व्यक्ति अँध्यारोको लाभ उठाइ ठाउँठाउँमा बनाइएका बाटा हुँदै फरार भएका प्रहरी प्रवक्ता सिंहले जानकारी दिए । उनका अनुसार उत्खनन स्थलबाट दक्षिणतर्फ आउँदै गरेका ट्याक्टर, बकेट र चालक नियन्त्रणमा लिइएको हो । मुख्यमन्त्री सिंहले विधि, प्रक्रिया र मापदण्डविपरीत प्राकृतिक स्रोतको उत्खनन तथा जथाभाबी दोहनबाट राज्यको सम्पत्ति हानीनोक्सानी भएको, विपद् निम्तिँदै गएकाले त्यसविरुद्ध अनुगमन बढाइएको बताए । उनले राजमार्गभन्दा उत्तर र दक्षिणतर्फ कमला खोलासहित अन्य नदीबाट अनाधिकृत रूपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन भइरहेको गुनासा आएपछि मध्यरातमा अनुगमन गरिएको उल्लेख गरे । राष्ट्रिय वन क्षेत्र र सामुदायिक वन क्षेत्रस्थित खोला र बोलपत्र नलागेका खोलाबाट राति १० बजेदेखि बिहान ४ बजेसम्म ढुङ्गा, गिट्टी र बालुवा उत्खनन हुने गरेको जानकारी प्राप्त भएको मुख्यमन्त्री सिंहले बताए । डिभिजन वन कार्यालय धनुषासँग गस्तीमा परिचालन गर्ने सशस्त्र र अन्य जनशक्ति अभाव, प्रहरी तथा सुरक्षाकर्मी अभावलगायत कारणले प्रभावकारी रूपमा नियन्त्रणात्मक अभियान सञ्चालन नहुँदा स्काभेटर, बकेटलगायत उपकरण प्रयोग गरी नदीजन्य पदार्थको अवैध ओसारपसार हुने गरेको सूचना प्राप्त भएको उनले उल्लेख गरे । मुख्यमन्त्रीको अनुगमन टोलीमा सहभागी जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवम् उपरीक्षक भुवनेश्वर तिवारीले प्राकृतिक साधनस्रोतको अनाधिकृत दोहन गरेर गलत तरिकाले आयआर्जन गर्ने प्रवृत्ति बढेको भन्दै यसविरुद्ध कडाइका साथ प्रहरी परिचालन हुने बताए । उनले यस विषयमा आफू सदस्य रहेको जिल्ला अनुगमन समितिको बैठक बस्ने र अवैध तथा अनाधिकृत दोहन रोक्न थप कदम चाल्ने उल्लेख गरे । यसअघि डिभिजन वन कार्यालयले गणेशमान नगरपालिका–७ पोर्ताहास्थित कमलामाई क्रसर उद्योगसहित स्थानीय क्रसर उद्योगीबाट रातको समयमा जथाभाबी नदीजन्य पदार्थ दोहन गरिरहेको जनगुनासो आएपछि कानुनअनुसार मात्र नदीजन्य पदार्थ उत्खनन व्यवस्थापन गर्न/गराउन जिल्ला समन्वय समितिलाई आग्रह गरेको थियो ।

# वनरक्षक पदको लागि विज्ञापन आहवान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश लोकसेवा आयोगले प्रदेश निजामती वन सेवाको सहायक तेस्रो तह वनरक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन आहवान गरेको छ । प्रदेश निजामती सेवाको वनसेवा, जनरल फरेस्ट्री समूहका सहायक तेस्रो तह वनरक्षक पद (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरूबाट बिहीबार दरखास्त आह्वान गरिएको हो ।

मधेश प्रदेशमा स्वीकृत दरबन्दीअनुसार ५२ वनरक्षक रिक्त रहेको प्रदेश वन तथा वातावरण मन्त्रालयले प्रदेश लोकसेवा आयोगलाई जानकारी गराएको थियो । आयोगले सोहीअनुसार ५२ वनरक्षकका लागि प्रतियोगितात्मक परीक्षा हुनेगरी विज्ञापन गरेको हो ।









मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन